म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १७८ बिहीबार, २९ माघ २०८२ ने. सं. ११४६ सिल्लागा 12 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**जाडोबाट बच्ने उपाय**

- जाडो मौसममा शितलहर, हिमपात, हुस्सु तथा कुहिरो लाग्न सक्ने हुँदा अत्यधिक चिसो हुन सक्छ।
- चिसोको कारण प्रदूषण बढ्ने गर्छ ।
- चिसो तथा प्रदूषणको कारण रुघा, खोकी, ज्वरो, सास फेर्न गाह्रो हुने तथा दम बढ्ने समस्या हुन सक्छ ।
- चिसो तथा प्रदूषणले मुटु, फोक्सो, मस्तिष्कलगायतका अंगमा गम्भीर असर पुग्न सक्छ ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दमका विरामीलाई गम्भीर असर पार्न सक्ने हुँदा धुलो, धुँवा तथा चिसोबाट बचौं र बचाऔं ।
- सकेसम्म घरभित्रै बसौं, निस्कनैपर्ने भए न्यानो कपडा लगाएरमात्र निस्कौं । कुनै समस्या परे चिकित्सकसंग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### हरेक व्यक्ति कानुनी र नैतिकताको दायराभित्र रहनुपर्छः प्रदेशप्रमुख देवकोटा

# 'सस्तो लोकप्रियतातर्फ अख्तियार लाग्नुहुँदैन'

मनिल महतो

हेटौंडा, २८ माघ/ बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले हरेक व्यक्ति कानुनी र नैतिकताको दायराभित्र रहनुपर्ने बताएका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३५ औं स्थापना दिवसको अवसरमा हेटौंडास्थित कार्यालयले बुधबार आयोजना गरेको कार्यक्रममा उनले सार्वजनिक पदधारण गरेको व्यक्तिमा स्वच्छता र सदाचारिता हुनुपर्ने बताए । अख्तियारको हरेक कदमलाई आमनागरिकले पनि नियालिरहेको उनले बताए । नियम कानुनको परिधिभित्र रहेर परिणाममुखी कार्य गरी जनताको भरोसा जित्न सक्नुपर्ने उनको धारणा छ । 'भ्रष्टाचार न्याय र विकासको शत्रु हो । यसले राज्यप्रतिको विश्वास कमजोर बनाउँछ,' उनले भने, 'सार्वजनिक पदधारण गर्ने व्यक्तिलाई उत्तरदायी, पारदर्शी र इमान्दार बनाउँदै सुशासनको मेरुदण्डकारुपमा भूमिका निर्वाह गर्ने अहम् जिम्मेवारी अख्तियारको काँधमा छ । आयोग अझ सशक्त रुपमा अघि बढ्ने अपेक्षा गरिएको छ ।'



प्रदेशप्रमुख देवकोटाले संख्यात्मक र सस्तो लोकप्रियतातर्फ अख्तियार लाग्न नहुनेमा सचेत गराएका छन् । सूचना र प्रविधिको नवीनतम प्रयोग गरी सम्भावित भ्रष्टाचार र भ्रष्टाचारीका विरुद्ध आमनागरिकले निसंकोच रुपमा सूचना दिनसक्ने प्रणालीको आवश्यकता रहेको उनले बताए । सुशासन र कानूनी सर्वोच्चताका बारेमा विद्यालय शिक्षादेखि नै गहनरुपमा पाठ्यक्रममा विषयवस्तु समावेश गरिनुपर्नेमा उनले जोड दिए । भ्रष्टाचाररुपी रोग लाग्न नदिन यथाशक्य पहल गर्नुपर्ने उनले उल्लेख गरे । 'रोग लाग्न नदिनु नै उत्तम विकल्प हो । भ्रष्टाचाररुपी रोग फैलिन नदिन यथासक्य पहल हुनु जरुरी छ,' उनले भने ।

प्रदेशप्रमुख देवकोटाले सुशासनको पहरेदार भूमिकामा अख्तियार कटिबद्ध रहनुपर्ने बताए । उनले कुनै अवरोध बिना सुशासन कायम गर्न आयोग पूर्णरुपमा प्रतिबद्ध भएर लाग्नुपर्नेमा जोड दिए । अनेक आरोह, अवरोह र चुनौतीका वावजुद कानुनी सर्वोच्चतालाई शिरोपर गरेर आयोगले आफ्नो साख जोगाउने प्रयास गरिरहेको उनको भनाई छ ।

**भ्रष्टचारलाई नियन्त्रण भन्दा निर्मुल नै पार्नुपर्छः**
***मुख्यमन्त्री बानियाँ***

मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले भ्रष्टचारलाई नियन्त्रण भन्दा निर्मुल नै पार्नुपर्ने बताएका छन् । शासन सञ्चालन गर्ने राजनीतिक व्यक्तित्व, प्रशासन चलाउने निजामती संयन्त्रले भ्रष्टचार गर्देनौं, गर्न पनि दिन्नौं भन्ने नारालाई व्यवहारमा पनि लागु गर्नुपर्ने उनले उल्लेख गरेका छन् । जनताले तिरेको करबाट कर्मचारी र जनप्रतिनिधिले सेवासुविधा लिने गरेको स्मरण गराउँदै मुख्यमन्त्री बानियाँले सबैलाई पारदर्शी, जवाफदेही, जिम्मेवार र उत्तरदायी बन्न आग्रह गरे ।

'नेपाली जनताप्रति निजामती संयन्त्र निष्ठावान र इमान्दार किन हुन नसक्ने ? सुरक्षा निकाय र राजनीतिक नेतृत्व इमान्दार बन्न किन नसक्ने ? यसबारे हामी सबैले सोच्नुपर्छ,' उनले भने । बोली र व्यवहारमा एकरुपता हुनुपर्नेमा जोड दिँदै उनले बाहिर एक र भित्र अनेक हुने प्रवृत्तिको अन्त्य आवश्यक रहेको बताए । 'बोली एकातिर र व्यवहार अर्कोतिर हुँदा खरबुजाजस्तै हुन्छ, बाहिर हरियो र भित्र रातो,' उनले टिप्पणी गरे ।

मुख्यमन्त्री बानियाँले अख्तियारमा उजुरी नै नपर्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिए । लोकतन्त्रमा जनता नै सर्वोपरि भएकोले अख्तियारको कामकारवाही जनताको पक्षमा हुनुपर्ने धारणा उनले राखेका छन् । काममा ढिलासुस्ती नगर्न पनि अख्तियारलाई सचेत गराएका छन् । बजेटखर्च नभएर सरकार नै असफल भइरहेको सन्दर्भमा फाइल अख्तियारमा पेन्डिङमा रहनु दुर्भाग्यपूर्ण भएको उनले जिकिर गरे । मुख्यमन्त्री बानियाँले जनतासँग प्रत्यक्ष सरोकार राख्ने विकास निर्माणसम्बन्धी उजुरीको छिटो छिनोफानो हुनुपर्ने उल्लेख गरेका छन् ।

**प्रदेशसभा र अख्तियारबीच विशेष सम्बन्ध छः**
**उपसभामुख चापागाई**

बागमती प्रदेशसभाकी उपसभामुख अप्सरा चापागाईले अख्तियारको काम जति कम भयो, त्यत्ति नै सुशासन कायम हुँदै जाने बताइन् । सबै तह र तप्कामा बसेकाहरुले आफ्नो भूमिका निर्वाह गर्दा सुशासनयुक्त, भ्रष्टचारमुक्त देश निर्माण हुने उनले धारणा राखिन् । उपसभामुख चापागाईले प्रदेशसभा र अख्तियारबीच विशेष सम्बन्ध रहेको जिकिर गरिन् । प्रदेशसभाले बनाएका कानुनको विषयमा सबै प्रष्ट हुँदा अख्तियारको दुरुपयोग कम हुने उनले बताइन् ।

उपसभामुख चापागाईले कानुन उत्पत्ति गर्ने ठाउँ र कानुन उत्पत्ति गरेर बन्ने प्रक्रियामा पनि विशेष ध्यान दिनुपर्ने उल्लेख गरिन् । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. प्रदीप ज्ञवाली, शिक्षाध्यक्ष प्रा.डा. दिनेशकुमार लम्साललगायतले भ्रष्टाचार नियन्त्रणमा सबैको भूमिका महत्वपूर्ण हुने धारणा राखेका थिए ।

**आर्थिक वर्ष २०८१/८२ मा ७० दशमलब ४२ उजुरी फछ्र्यौट**

आयोगको हेटौंडा कार्यालय प्रमुख रामकृष्ण पुडासैनीले कार्यालयको प्रगति विवरण प्रस्तुत गरेका थिए । आर्थिक वर्ष २०८१/८२ मा ७०.४२ प्रतिशत उजुरी फछ्र्यौट भएको उनले जानकारी दिए । पुडासैनीका अनुसार हेटौंडास्थित कार्यालयमा दर्ता भएका २ हजार ७ सय ६६ उजुरीमध्ये १ हजार ९ सय ४८ उजुरी फछ्र्यौट भएको हो । चालु आर्थिक वर्ष २०८२/८३ मा ८ सय १८ वटा उजुरी जिम्मेवारी सरेर आएको उनले बताएका छन् । त्यसैगरी प्रमुख पुडासैनीले आयोगमा हालसम्म ९ सय ५८ उजुरी दर्ता भई १ हजार ७ सय ७६ उजुरी कायम रहेका छ । जसमध्ये ७ सय ३१ उजुरीको फछ्यौट भई हाल १ हजार ४५ उजुरी छानबीनको क्रममा रहेको छ ।

प्रमुख पुडासैनीका अनुसार आयोगमा दर्ता भएका उजुरीमध्ये संघीय मामिला मन्त्रालय सम्बन्धित ५३ दशमलब ११ प्रतिशत, शिक्षासँग १७ दशमलब ०६ प्रतिशत गरी स्थानीय तहको कुल ७० दशमलब १७ प्रतिशत उजुरी परेको छ । मधेश प्रदेशका ३ जिल्ला बारा, पर्सा र रौतहट समेत कार्यक्षेत्र रहेको यो कार्यालयमा प्रदेशका मन्त्रालय, निकाय र कार्यालयको १७ दशमलब ३१ प्रतिशत उजुरी परेको छ भने संघीय निकाय र कार्यालयतर्फ १२ दशमलब ५२ प्रतिशत उजुरी परेको छ ।

समारोहमा उत्कृष्ट कर्मचारीका रुपमा नायबसुब्बा सुशीलकुमार झा, प्रहरीजवान र त्नबहादुर खत्री, हल्का सवारीचालक राम घलान तथा अख्तियार सेवा र सम्मानबाट शाखाअधिकृत रमा कुँवर र प्रहरी तेजीलाल साह कानुलाई सम्मान गरिएको थियो ।

नेपालको अधिराज्य संविधान, २०४७ को भाग १२ को व्यवस्थाबमोजिम २०४७ साल माघ २८ गते आयोग स्थापना भएको दिनलाई आयोगले स्थापना दिवसको रुपमा मनाउँदै आएको छ । यसवर्षको मुलनारा 'सुशासन र समृद्धि, नागरिकको अधिकारः भ्रष्टचार नियन्त्रणमा बनौं सब जिम्मेवार' रहेको थियो ।

### स्कुल बस चालक, सहचाल, शिक्षकलाई दीर्घसेवा सम्मान

# बालजागृतिमा बृहत् सांस्कृतिक तथा शैक्षिक प्रदर्शनी



साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ हेटौंडा उपमहानगरपालिका-२ स्थित बालजागृति इंग्लिस सेकेन्डरी बोर्डिङ स्कुलले बृहत् सांस्कृतिक तथा शैक्षिक प्रदर्शनी आयोजना गरेको छ ।

माघ २५ गतेदेखि सुरु भएको कार्यक्रम माघ २९ गतेसम्म सञ्चालन हुने विद्यालयले जनाएको छ । कार्यक्रम अन्तर्गत माघ २५ गते प्रीप्राइमरी तह, २६ गते कक्षा १ देखि ३ सम्म र २७ गते कक्षा ४ र ५ का विद्यार्थीको सांस्कृतिक कार्यक्रम सम्पन्न भएको थियो भने बुधबार कक्षा ६ देखि कक्षा ९ सम्मका विद्यार्थीले विविध सांस्कृतिक प्रस्तुति दिएका थिए । यस अवसरमा विद्यालयले दीर्घसेवा सम्मान, शैक्षिक उपलब्धि सम्मान तथा बालजागृति शिक्षा पत्रकारिता पुरस्कार प्रदान गरेको छ ।

विद्यालयले स्कुल बसका चालक, सहचालकदेखि शिक्षकसम्मलाई दीर्घसेवा सम्मान गरेको हो । एसईई तथा नगरस्तरीय कक्षा ८ को आधारभूत तह परीक्षामा उत्कृष्ट नतिजा ल्याउन योगदान पुऱ्याउने विषयगत शिक्षक तथा उत्कृष्ट विद्यार्थीलाई सम्मान गरिएको विद्यालयका प्रिन्सिपल विनोद सुवेदीले जानकारी दिएका छन् । हेटौंडा उपमहानगरपालिका-२ का वडाअध्यक्ष विष्णुगोपाल महर्जनको प्रमुख आतिथ्यतामा आयोजित पुरस्कार वितरण समारोहमा यसवर्षको बालजागृति शिक्षा पत्रकारिता पुरस्कार पत्रकार महासंघ मकवानपुरकी उपाध्यक्ष भावना रिजाललाई प्रदान गरिएको छ ।

नेपाल टेलिभिजन, टिम टेलिभिजन तथा छहारी नेटवर्कमा आवद्ध रिजाललाई नगद १० हजार रुपैयाँसहित प्रशंसापत्र प्रदान गरिएको हो । दीर्घसेवा सम्मानबाट निम्नमाध्यमिक तहका शिक्षक शिवपुजन जैसवाल, प्राथमिक तहका शिक्षक सुदीप श्रेष्ठ, दीपा न्यौपाने र साजना कार्की तथा पूर्वप्राविधिक तहकी शिक्षिका बन्दना अधिकारी सम्मानित भएका छन् । कार्यालय सहयोगी विमला पौडेल, बस चालक नवराज ढुंगेल र सहचालक सुमित्रा घलानलाई पनि दीर्घसेवाबाट सम्मान गरिएको छ ।

एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउन योगदान पुऱ्याउने विषयगत शिक्षक गणित विषयका विनोद सुवेदी, अंग्रेजी विषयका अमुल श्रेष्ठ, ऐच्छिक वातावरण विज्ञानका उमेश अर्याल, विज्ञान विषयका प्रेम हमाल र देवराज ढुंगेल, नेपाली विषयका निर्मल घिमिरे, गणित विषयका लालकाजी परियार, ऐच्छिक गणितका तुलसी न्यौपाने, सामाजिक अध्ययनका विश्वराज सापकोटा, लेखा विषयका अशोक मैनाली तथा कम्प्युटर विज्ञान विषयका राजेश सुवेदीलाई नगदसहित सम्मान गरिएको थियो । नगरस्तरीय आधारभूत तह परीक्षामा उत्कृष्ट जिपीए ल्याउने आर्सु श्रेष्ठ, स्वर्णीम सुवेदी, अर्पित गौतम, अंकित गौतम, रिदिम आचार्य, अस्मिता थिङ र सदिक्षा हुमागाईं सम्मानित भएका छन् ।

उनीहरुलाई विद्यालयले जनही १८ हजार रुपैयाँ बराबरको चार महिनाको मासिक शुल्क मिनाहा गरेको छ । कार्यक्रममा बोल्दै प्रमुखअतिथि महर्जनले उत्कृष्ट नतिजाका कारण विद्यालय वडाको मात्रै नभई जिल्लाकै गौरव र पहिचान बनेको बताएका छन् । शिक्षासँगै विद्यार्थीको प्रतिभा विकासमा विद्यालयले खेलेको भूमिकाको उनले प्रसंसा गरे ।

कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड मकवानपुरका प्रमुख बद्री बहादुर पाठक, प्याब्सन मकवानपुरका पदाधिकारीलगायतको उपस्थिति रहेको थियो । विद्यालयले माघ २९ गते बिहीबार बृहत् शैक्षिक प्रदर्शनी आयोजना गर्ने जनाएको छ ।




# खैरोहरोईन सहित २ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले लागुऔषध खैरोहेरोईन सहित २ जनालाई पक्राउ गरेको छ ।

ईलाका प्रहरी कार्यालय नेवारपानी मकवानपुरबाट खटिएको प्रहरीटोलीले हेटौंडा उपमहानगर पालिका वडा नं. १९ स्थित एक होटेलको कोठाबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुर सूचनाअधिकारी पुष्कर बोगटीले जानकारी दिए ।

बस्तिपुरस्थित होटेलमा शंकास्पदरुपमा बसिरहेका मनहरी गाउँपालिका वडा नं. ३ बस्ने वर्ष २४ को बिजय मोक्तान र हेटौंडा-१२ बस्ने वर्ष २४ को सुवर्ण घलानको साथबाट लागूऔषध खैरोहेरोईन २२० मिलिग्राम फेला परेको प्रहरीले जनाएको छ ।

लागुऔषध सहित पक्राउ परेका मोक्तान र घलानलाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालत हेटौंडाबाट म्याद अनुमती लिई थप अनुसन्धान कार्य भइरहेको प्रहरीप्रवक्ता बोगटीले बताए ।

**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५


# हेटौंडा क्याम्पसमा त्रिविअन्तर्गत नयाँ भर्ना बन्द

साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ हेटौंडा क्याम्पसले शैक्षिक सत्र २०८२/८३ का लागि त्रिभुवन विश्वविद्यालय (त्रिवि) अन्तर्गतको स्नातकोत्तर तह (एमएड) कार्यक्रममा पहिलो सेमेस्टरको कक्षा सञ्चालन नहुने जानकारी दिएको छ । बिहीबार क्याम्पस प्रमुख बालकृष्ण शर्मा घिमिरेद्वारा जारी सूचनामा कक्षा सञ्चालन नहुने जनाएको छ ।

क्याम्पसले जारी गरेको सूचनाअनुसार एमएड कार्यक्रमको अन्तर्वार्ता तथा प्रवेशपरीक्षा सम्पन्न गरी नतिजा प्रकाशित गरिए पनि हेटौंडा क्याम्पस बागमती प्रदेश विश्व विद्यालयअन्तर्गत आङ्गिक क्याम्पसको रुपमा सञ्चालन हुनसक्ने अवस्था बनेपछि त्रिभुवन विश्वविद्यालय अन्तर्गत नयाँ भर्ना नगर्न निर्देशन प्राप्त भएको जनाएको छ । प्रवेश परीक्षा दिएका विद्यार्थीहरु जुनसुकै कलेजमा गएर पनि पढ्न पाउने व्यवस्था रहेको छ । प्रवेश परीक्षा हेटौंडा क्याम्पसमा मात्रै सञ्चालन हुने गरेको क्याम्पसप्रमुख घिमिरेले जानकारी दिए । परीक्षामा ६२ जना विद्यार्थी सहभागी थिए ।

गत पुस २८ गते क्याम्पस सञ्चालक समिति, बागमती विश्व विद्यालय र त्रिभुवन विश्वविद्यालयको


हेटौंडा क्याम्पस
HETAUDA CAMPUS
Estd. 2047 (1990)
त्रिभुवन विश्वविद्यालय तथा राष्ट्रिय परीक्षा बोर्डबाट सम्बन्धन प्राप्त
(Affiliated to Tribhuvan University & National Examinations Board, Nepal)
Accredited by University Grants Commission (UGC), Nepal, (2023)
च.नं./Ref. No.:
प.सं./L.No.:
Hetauda-4, Makwanpur, Bagmati Province, Nepal
मिति : २०८२/१०/२२
विषयः जानकारी गराइएको सम्बन्धमा ।
उपर्युक्त सम्बन्धमा यस हेटौंडा क्याम्पस, हेटौंडाबाट शैक्षिक सत्र २०८२/०८३ को लागि स्नातकोत्तर तह (एम.एड. कार्यक्रम) अन्तर्गत प्रवेश परीक्षा सञ्चालन गरी नतिजासमेत सम्बन्धित निकायबाट प्रकाशित भएकोमा त्यसपश्चात हेटौंडा क्याम्पस, हेटौंडा, मकवानपुर बागमती प्रदेश विश्वविद्यालय अन्तर्गत आंगिक क्याम्पसको रुपमा सञ्चालन हुनेगरी सम्झौता भएको हुनाले अब उप्रान्त त्रिभुवन विश्वविद्यालय अन्तर्गतका कुनै पनि शैक्षिक कार्यक्रममा नयाँ भर्ना नगर्नु/नगराउनु भन्ने निर्देशनबमोजिम स्नातकोत्तर तह एम.एड. प्रथम सेमेस्टरको कक्षा सञ्चालन नहुने व्यहोरा सम्बन्धित सम्पूर्णमा जानकारी गराइन्छ ।

कार्यालयले गरेको सम्झौताअनुसार त्रिभुवन विश्वविद्यालयअन्तर्गतका कक्षा सञ्चालन नहुने भएको हो । दुई विश्वविद्यालय एउटै क्याम्पसमा सञ्चालन गर्न कठिन हुने भएकाले बागमती विश्वविद्यालयअन्तर्गतको शैक्षिक कार्यक्रममात्र सञ्चालन गर्न लागिएको घिमिरेले बताएका छन् । हेटौंडा क्याम्पसमा २०८३/८४ देखि त्रिभुवन विश्वविद्यालयअन्तर्गतका नयाँ भर्ना नहुने भएको छ । क्याम्पसमा यसवर्ष बागमती विश्वविद्यालय अन्तर्गतका बीबीए र बीएडका कक्षा सञ्चालन भइरहेको छ ।

आगामी वर्षबाट स्नातक तहका एलएलबी, बीएचएम, बीपीएम र स्नातकोत्तर तहका कक्षा सञ्चालन हुनेछन् । क्याम्पसमा आगामी वर्षबाट ११, १२ कक्षा पनि सञ्चालन हुँदैनन् । क्याम्पसमा अब स्नातक, स्नातकोत्तर र त्यसपछिका कक्षा मात्रै सञ्चालन हुने क्याम्पसप्रमुख घिमिरेले जानकारी दिए । बागमती विश्व विद्यालयअन्तर्गतका शैक्षिक कार्यक्रमहरु राष्ट्रिय र अन्तर्राष्ट्रिय मागअनुसारका छन् । त्रिविअन्तर्गतका शिक्षकले पढाइ पूरा नहुन्जेलसम्म पठनपाठन गराउने घिमिरेले बताए । कक्षा ११, १२ विद्यालय तह भएकाले त्यसैअन्तर्गत रहेर पढाइ हुनेछ ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्नातक र स्नातककोत्तर दुबै तहको कुनै पनि विषयमा विद्यार्थी भर्ना नहुने सहायक क्याम्पसप्रमुख मनोज पोखरेलले जानकारी दिए । क्याम्पसमा अहिले २ हजार ४ सय जना विद्यार्थी अध्ययनरत रहेका छन् । आगामी दिनमा बागमती प्रदेश विश्वविद्यालयका कक्षा सञ्चालन गर्ने तयारीमा रहेको पोखरेलले बताए ।

साझाकुरा

## हाम्रो कुरा

# हामी भ्रष्ट मुलुकबासी ?

सन् २०१२ यता ५० भन्दा बढी देशमा भ्रष्टाचार नियन्त्रणको अवस्था झनै खस्किँदै गएको टीआईले जनाएको छ । नेपालले भ्रष्टाचार नियन्त्रणमा कुनै ठोस प्रगति गर्न नसकेको प्रतिवेदनले देखाएको छ । ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) ले मंगलवार सार्वजनिक गरेको भ्रष्टाचार धारणा सूचकांक (सीपीआई) २०२५ का अनुसार नेपालको भ्रष्टाचारसम्बन्धी सूचकांक यथावत नै रहेको छ । नेपालको स्थिति गतवर्षकै यसवर्ष पनि ३४ अंकमै सीमित भएको छ । ६ वटा अन्तर्राष्ट्रिय संस्थाले सन् २०२५ को अगस्टसम्म उपलब्ध सुशासनसम्बन्धी तथ्यांकका आधारमा नेपालको स्कोर निर्धारण गरेको टीआई नेपालका अध्यक्ष मदनकृष्ण शर्माले जानकारी दिएका छन् । उनकाअनुसार लामो समयदेखि नेपालले ३५ भन्दा कम अंक प्राप्त गर्दै आएको छ । सूचकांकमा १०० अंकले भ्रष्टाचाररहित र शुन्य अंकले अत्याधिक भ्रष्ट अवस्थालाई जनाउँछ । सन् २०२५ मा विश्वका दुईतिहाइ देशले १०० मा ५० भन्दा कम अंक प्राप्त गरेका छन्, जसले ती देश भ्रष्टाचार नियन्त्रण गर्न असफल रहेको संकेत गर्दछ । नेपालले ३४ अंक प्राप्त गर्नुले नेपाललको सत्तामा आएकाहरुले भ्रष्टाचारविरुद्ध प्रभावकारी काम गर्न नसकेको पुष्टि गरेको छ ।

भदौ २३ र २४ को जेनजी आन्दोलन तथा मुलुकले व्यहोरेको अपूरणीय धनजन क्षतिको मूल कारणमध्ये बढ्दो भ्रष्टाचार रहेको दाबीलाई यस सूचकांकले थप पुष्टि गरेको छ । भ्रष्टाचारग्रस्त मुलुकमा सन् २०२५ मा जेनजी पुस्ताको नेतृत्वमा भ्रष्टाचारविरुद्ध प्रदर्शन भएका छन् । नेपाल, मडागास्कर, फिलिपिन्स र इण्डोनेशिया लगायत देशमा युवाले नेतृत्वतहको शक्ति दुरुपयोग, सुलभ सार्वजनिकसेवा, रोजगारी र आर्थिक अवसरबाट वञ्चित हुनुपरेको भन्दै सडक आन्दोलन गरेका छन् । जेनजी तथा युवा आन्दोलनबाट राजनीतिक भ्रष्टाचार निर्मूल गर्ने चाहना स्पष्टरुपमा देखिएको छ । आसन्न निर्वाचनबाट भ्रष्टाचारमा नमुछिएका, इमान्दार र प्रतिवद्ध नेतृत्व चयन हुनुपर्ने छ । यस्तो नेतृत्व चयन हुनसके मात्र दशकौंदेखि जकडिएको भ्रष्टाचार नियन्त्रणमा ठोस सुधार सम्भव हुने आशा गर्न सकिने छ । नेपालको अंक गतवर्ष जस्तै यसवर्ष पनि ३४ नै रहेको छ । नेपालमा कुनै सुधार देखिएको छैन, त्यो हामीले देखेका छौं । ६ वटा अन्तर्राष्ट्रिय संस्थाद्वारा सन् २०२५ को अगष्ट महिनासम्मका सुशासनसम्बन्धी तथ्यांकलाई आधार बनाई नेपालको अंक निर्धारण गरिएको हो । लामो समयदेखि नेपालले ३५ भन्दा कम अंक पाउँदै आएको सन्दर्भमा सूचकांकमा तल्लो तहमा रहेको यस अंकले नेपालमा पटकपटक सत्तामा रहेका सरकारद्वारा भ्रष्टाचार विरुद्ध ठोस काम गर्न नसकेको देखाएको छ । निर्वाचित भएर आउने जनप्रतिनिधि राजनीतिक, सामाजिक र आर्थिकक्षेत्रमा रहेका मुख्य समस्या एवं कमीकमजोरी समाधान गर्नेतर्फ केन्द्रित रहनुका साथै जेनजी आन्दोलनको उद्देश्य प्राप्तितर्फ सम्बेदनशील हुन जरुरी छ । पछिल्लो दशकमा विश्वव्यापीरुपमा भ्रष्टाचार नियन्त्रणमा पनि प्रगति न्युन रहेको देखाएको छ । सर्वेक्षणमा समेटिएका १८२ देशमध्ये अधिकांश देशको अवस्था विगत वर्षको तुलनामा कमजोर बनेको छ । सूचकांकअनुसार सन् २०२५ मा विश्वको औसत स्कोर ४२ कायम भएको छ, जुन अघिल्लो वर्षभन्दा एक अंक कम हो । एक दशकअघि ८० भन्दा बढी अंक प्राप्त गर्ने देशको संख्या १२ रहेकोमा यसवर्ष घटेर ५ मा सीमित भएको छ ।

सन् २०१२ यता ५० भन्दा बढी देशमा भ्रष्टाचार नियन्त्रणको अवस्था झनै खस्किँदै गएको टीआईले जनाएको छ । सुधार देखाउने देशको संख्या भने ३१ मात्र रहेको छ । यसवर्ष पनि डेनमार्क सबैभन्दा कम भ्रष्टाचार हुने देशको सूचिमा शीर्ष स्थानमा रहँदै ८९ अंक प्राप्त गर्न सफल भएको छ । दक्षिण सुडान र सोमालिया भने ९-९ अंकसहित सबैभन्दा बढी भ्रष्टाचार हुने देशकारुपमा सूचिकृत भएका छन् । दक्षिण एशियाली राष्ट्रमध्ये भुटानले ७१ अंक प्राप्त गर्दै तुलनात्मकरुपमा राम्रो स्थिति देखाएको छ । भारत र मालदीभ्सले समान ३९ अंक, श्रीलंकाले ३५, पाकिस्तानले २८, बंगलादेशले २४ र अफगानिस्तानले १६ अंक प्राप्त गरेका छन् । छिमेकी मुलुक चीनको अंक ४३ रहेको छ । भुटानबाहेक अधिकांश दक्षिणएशियाली देशमा भ्रष्टाचार गम्भीर समस्याका रुपमा रहेको सूचकांकले देखाएको छ । ट्रान्सपरेन्सी इन्टरनेशनलले भ्रष्टाचार प्रवृत्तिकारुपमा बढ्दै जानु गम्भीर चिन्ताको विषय भएको जनाएको छ । स्थापित प्रजातान्त्रिक देशमा समेत नेतृत्व क्षयका कारण भ्रष्टाचार बढ्दै जाँदा लोकतन्त्र कमजोर बन्दै गएको, नागरिक स्वतन्त्रता साँघुरिँदै गएको र विकास अपेक्षित गतिमा अघि बढ्न नसकेको अवस्था सिर्जना भएको टीआईको निष्कर्ष छ । टीआईले राजनीतिक नेतृत्वलाई भ्रष्टाचार नियन्त्रणप्रति दृढ प्रतिवद्धता जनाउन, कानूनको पूर्णकार्यान्वयन गर्न, अन्तर्राष्ट्रिय प्रतिवद्धता लागू गर्न र नियमनकारी निकाय सुदृढ बनाउन आह्वान गरेको छ । अन्तरदेशीय पुँजी पलायन रोक्न कानूनी छिद्र बन्द गर्नुपर्नेमा जोड दिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन १ गते शुक्रबार १३ फेब्रुअरी २०२६ । एकादशी, फागुन कृष्णपक्ष । सिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:४५ सूर्यास्त ५:५२ । विश्व रेडियो दिवस । फाल्गुण संक्रान्ति । जनयुद्ध दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आलोचनामा वृद्धि | **तुला** | : मान्यजनबाट विवाद |
| **वृष** | : यात्रामा अवरोध | **वृश्चिक** | : अहमपनले कार्यमा हानि |
| **मिथुन** | : व्यवसायमा सफलता | **धनु** | : शत्रु नाश |
| **कर्कट** | : मान हानिले खिन्नता | **मकर** | : परिवारमा कलह |
| **सिंह** | : धर्मकार्यमा खर्च | **कुम्भ** | : रोग नाश |
| **कन्या** | : न्यायिक कार्यमा सफलता | **मीन** | : अशुभ समाचार सुन्नुपर्ने |

# शिक्षा क्षेत्रको निजीकरणले देखाएको यथार्थ



✍ स्वेच्छा चौधरी

शिक्षा कुनै पनि समाजको भविष्य निर्माण गर्ने सबैभन्दा बलियो आधार हो । तर आजको नेपालमा शिक्षा बिस्तारै अधिकारभन्दा पनि व्यापार बन्दै गएको अनुभूति हुन थालेको छ । निजी विद्यालय, कलेज र विश्वविद्यालयहरूको तीव्र विस्तारसँगै 'शिक्षा सेवा हो कि वस्तु ?' भन्ने प्रश्न गम्भीर रूपमा उठ्न थालेको छ । निजीकरणले शिक्षामा पहुँच त बढाएको देखिन्छ तर यसले समानता, गुणस्तर र सामाजिक न्यायको आधारलाई कमजोर बनाइरहेको यथार्थलाई बेवास्ता गर्न सकिँदैन । राज्यको कमजोर लगानी र सार्वजनिक शिक्षा प्रणालीप्रतिको घट्दो भरोसाले अभिभावकहरूलाई निजी शिक्षातर्फ धकेलेको हो । सरकारी विद्यालयमा गुणस्तर, अनुशासन र पूर्वाधारको कमी देखिँदा निजी विद्यालयहरू 'राम्रो भविष्य' को बाचा गर्दै अघि आए । अंग्रेजी माध्यम, आधुनिक सुविधा र राम्रो नतिजाको प्रचारले निजी शिक्षालाई आकर्षक बनायो । तर समयसँगै यो आकर्षण शुल्क, अतिरिक्त खर्च र व्यावसायिक सोचमा बदलिँदै गएको छ ।

आज शिक्षा पाउने अवसर विद्यार्थीको क्षमता र मेहनतले होइन, अभिभावकको आर्थिक हैसियतले निर्धारण हुन थालेको छ । महँगो शुल्क, प्रवेश परीक्षा र अनावश्यक शुल्कले मध्यम तथा निम्नवर्गका परिवारलाई गुणस्तरीय शिक्षाबाट टाढा बनाइरहेको छ । यसले समाजमा वर्गीय विभाजन झन् गहिरो बनाउँदै लैजाँदै छ, जहाँ धनी वर्गका लागि उत्कृष्ट शिक्षा उपलब्ध छ भने गरिब वर्गका लागि सीमित विकल्प मात्र बाँकी छन् । यसरी शिक्षा व्यापारीकरण हुँदै जाँदा यसको मूल उद्देश्य ज्ञान, चेतना र नागरिकता निर्माण ओझेलमा परेको छ । अंक, र्‍याङ्किङ र प्रतिस्पर्धालाई केन्द्रमा राख्ने संस्कृतिले सिर्जनशीलता, आलोचनात्मक सोच र नैतिक मूल्यलाई कमजोर बनाएको छ । शिक्षा व्यक्तित्व विकासको माध्यमभन्दा पनि बजारमा बिक्री हुने उत्पादनजस्तो व्यवहार हुन थालेको यथार्थ आज सबैका सामु स्पष्ट देखिन थालेको छ ।

नेपालमा निजीकरणको शुरुवात राज्यको सीमित क्षमता र कमजोर सार्वजनिक शिक्षा प्रणालीको विकल्पका रूपमा भएको थियो । सरकारी विद्यालयको गुणस्तर खस्किँदै जाँदा अभिभावकहरू निजी विद्यालयतर्फ आकर्षित भए । अंग्रेजी माध्यम, अनुशासन, आधुनिक सुविधा र राम्रो नतिजाको बाचा निजी संस्थाहरूको मुख्य आकर्षण बन्यो । शुरुवाती चरणमा यसले प्रतिस्पर्धा सिर्जना गर्‍यो र शिक्षामा केही सुधार पनि देखियो । तर समयसँगै निजीकरणको मूल उद्देश्य सेवाभन्दा नाफामा केन्द्रित हुन थाल्यो । निजी शिक्षा संस्थाहरू क्रमश: शिक्षा दिने केन्द्रभन्दा पनि व्यापारिक प्रतिष्ठानजस्तै सञ्चालन हुन थाले । शुल्क संरचना मनपरी बढाइयो, विभिन्न शीर्षकमा अतिरिक्त रकम असुल्न थालियो र अभिभावकको भावनालाई प्रयोग गरेर शिक्षा बेच्ने प्रवृत्ति मौलाउँदै गयो । शिक्षा संस्थाहरूबीच गुणस्तरभन्दा ब्रान्डिङ, विज्ञापन र नतिजाको प्रचारलाई प्राथमिकता दिन थालियो । यसले स्वस्थ प्रतिस्पर्धाभन्दा अस्वस्थ व्यावसायिक होड जन्मायो । यस प्रक्रियामा विद्यार्थी 'शिक्षार्थी' होइन, 'ग्राहक' का रूपमा हेर्न थालिए । शिक्षकहरू पनि शैक्षिक स्वतन्त्रताभन्दा संस्थागत दबाबमा बाँधिन थाले । नाफा बढाउने उद्देश्यले कक्षा संख्या बढाइयो, शिक्षकको कामको बोझ बढ्यो तर पारिश्रमिक र पेसागत सम्मान भने अपेक्षित रूपमा बढेन । यसले शिक्षाको गुणस्तरमा दीर्घकालीन नकारात्मक प्रभाव पार्ने जोखिम बढाएको छ ।

आज निजी शिक्षा संस्थाहरू महँगो शुल्क, प्रवेश परीक्षा, अतिरिक्त शुल्क र अनावश्यक खर्चमार्फत अभिभावकको ढाड सेकाइरहेका छन् । मध्यम र निम्नवर्गका परिवारका लागि गुणस्तरीय शिक्षा सपनाजस्तै बन्दै गएको छ । शिक्षा पाउने क्षमता अब विद्यार्थीको प्रतिभाले होइन, अभिभावकको आम्दानीले निर्धारण गर्न थालेको छ । यसले समाजमा वर्गीय विभाजनलाई अझ गहिरो बनाएको छ, धनीका लागि गुणस्तरीय शिक्षा, गरिबका लागि कमजोर विकल्प । यस प्रकारको असमान पहुँचले सामाजिक न्यायको आधारमै चोट पुर्‍याएको छ ।

एउटै समाजमा जन्मिएका बालबालिकाले फरक-फरक स्तरको शिक्षा पाउँदा अवसरको दूरी स्वाभाविक रूपमा बढ्दै जान्छ । आर्थिक रूपमा सक्षम परिवारका बालबालिका आधुनिक सुविधा, अनुभवी शिक्षक र प्रतिस्पर्धी वातावरणमा हुर्किँदा उनीहरू भविष्यका अवसरमा अगाडि बढ्छन्, जबकि कमजोर आर्थिक पृष्ठभूमिका बालबालिका सीमित स्रोत र कमजोर शैक्षिक वातावरणमा संघर्ष गर्न बाध्य हुन्छन् । यसले शिक्षा सामाजिक उन्नतिको भरपर्दो माध्यम हुनुपर्ने अवधारणालाई कमजोर बनाएको छ । पहिले शिक्षा वर्गीय सिमाना तोड्ने बाटो मानिन्थ्यो, तर आज त्यही शिक्षा वर्गीय भिन्नतालाई स्थायी बनाउने औजार बन्दै गएको देखिन्छ । दीर्घकालीन रूपमा यसले सामाजिक असन्तुलन, असमान अवसर र निराश पुस्ता उत्पादन गर्ने खतरा बढाएको छ, जसको असर सम्पूर्ण समाजले भोग्नुपर्नेछ ।

निजीकरणले शिक्षा क्षेत्रमा असमानता मात्र होइन, शिक्षाको मूल उद्देश्य नै विकृत बनाइरहेको छ । धेरै निजी संस्थाहरूमा शिक्षा परीक्षा केन्द्रित, अंकमुखी र व्यावसायिक प्रतिस्पर्धामा सीमित छ । सिर्जनशीलता, आलोचनात्मक सोच र नैतिक मूल्यभन्दा नतिजा र र्‍याङ्किङलाई प्राथमिकता दिइन्छ । विद्यार्थी उत्पादन होइन, 'ग्राहक' जस्तो व्यवहार हुन थालेको छ । शिक्षकहरू पनि ज्ञान दिने मार्गदर्शकभन्दा संस्थाको ब्रान्ड जोगाउने कर्मचारीमा सीमित भइरहेका छन् । यसको प्रत्यक्ष असर सार्वजनिक शिक्षा प्रणालीमा पनि परेको छ । निजीकरणको छायामा सरकारी विद्यालयहरू उपेक्षित बन्दै गएका छन् । राज्यले सुधार गर्नुपर्ने ठाउँमा निजी क्षेत्रलाई विकल्पका रूपमा अघि सारेपछि सार्वजनिक विद्यालयप्रति विश्वास घट्दै गएको छ । परिणामस्वरूप, सरकारी विद्यालयहरूमा विद्यार्थी संख्या घट्दै गएको छ, स्रोत र ध्यान झन् कम हुँदै गएको छ । यसले दीर्घकालीन रूपमा सार्वजनिक शिक्षाको अस्तित्वमै प्रश्न खडा गरिरहेको छ ।

साथै, निजीकरणले शिक्षक पेसाप्रति दृष्टिकोणमा पनि असर पारेको छ । सरकारी विद्यालयमा शिक्षक पेसा सामाजिक सम्मान र स्थायित्वको प्रतीक रहँदै आएको थियो, तर निजी क्षेत्रले यसलाई व्यावसायिक अनुशासन र नाफासँग जोडिदिँदा पेसागत प्रतिष्ठा र स्वतन्त्रता कमजोर भएको छ । शिक्षकहरू अब केवल पाठ पढाउने मात्र नभई, विद्यार्थीको प्रदर्शन र संस्थाको ब्रान्ड सुरक्षित गर्ने जिम्मेवारीमा फसिरहेका छन् ।

यसले दीर्घकालीन रूपमा शिक्षाको गुणस्तर र नैतिक मूल्य कायम राख्न चुनौती पैदा गरेको छ । निजीकरणको यो अव्यवस्थित विस्तारले समाजमा दीर्घकालीन असमानता, शिक्षा पहुँचमा भेदभाव र गुणस्तरमा ढिलासुस्तीको अवस्था सिर्जना गरेको छ । यदि सार्वजनिक शिक्षा प्रणाली बलियो बनाएर, निजीकरणलाई नियमन नगर्ने हो भने, शिक्षा केवल धनीका लागि सुविधा र गरिबका लागि चुनौती बन्ने सम्भावना अझ बढ्छ ।

उच्च शिक्षामा निजीकरणको प्रभाव झन् गहिरो छ । मेडिकल, इन्जिनियरिङ, व्यवस्थापनजस्ता क्षेत्रमा शुल्क यति महँगो छ कि योग्य तर आर्थिक रूपमा कमजोर विद्यार्थीहरू बाहिरिन बाध्य छन् । 'मेरिट' भन्दा 'मनी' हाबी हुँदा शिक्षा सामाजिक उन्नतिको साधन होइन, सामाजिक दूरी बढाउने औजार बन्दै गएको छ । यही कारणले धेरै युवा विदेश अध्ययनतर्फ आकर्षित भइरहेका छन्, जसले ब्रेन ड्रेनको समस्या थप जटिल बनाएको छ ।

तर निजीकरण पूर्णरूपमा नकारात्मक मात्र होइन भन्ने तर्क पनि सुनिन्छ । निजी क्षेत्रले नवीनता, व्यवस्थापन दक्षता र केही हदसम्म गुणस्तर सुधारमा योगदान दिएको छ । धेरै निजी विश्वविद्यालय र कलेजहरूले आधुनिक प्रविधि, अनुसन्धानका अवसर र प्रभावकारी प्रशासन ल्याएका छन्, जसले शिक्षाको गुणस्तरमा केही सुधार गरेको देखिन्छ । तर समस्या निजीकरण होइन, अनियन्त्रित र नियमनविहीन निजीकरण हो । स्पष्ट नीति, कडा नियमन र उत्तरदायित्वको अभावमा शिक्षा क्षेत्र खुला बजारजस्तै बनेको छ । जब शिक्षा केवल नाफामुखी व्यवसाय बन्ने हो भने सामाजिक न्याय, समान पहुँच र दीर्घकालीन विकास जोखिममा पर्छ ।

राज्यको भूमिका यहाँ निर्णायक छ । शिक्षालाई आधारभूत अधिकारका रूपमा हेर्ने हो भने राज्यले सार्वजनिक शिक्षा प्रणालीलाई बलियो बनाउनै पर्छ । निजी क्षेत्रलाई पूरकको रूपमा स्वीकार गर्न सकिन्छ, तर विकल्पको रूपमा होइन । शुल्क संरचना, पाठ्यक्रम, शिक्षक योग्यता र पहुँचमा कडा नियमन आवश्यक छ । साथै, सरकारी विद्यालय र विश्वविद्यालयहरूको गुणस्तर सुधार, शिक्षक तालिम, पूर्वाधार विकास र विश्वास पुन:स्थापनामा तत्काल ध्यान दिनु जरुरी छ । यदि यी कदम चालिएन भने, शिक्षा केवल धनी वर्गको पहुँचमा सीमित र हनेछ र समाजमा दीर्घकालीन असमानता मात्र बढ्नेछ । तर सही नीति, नियमन र सन्तुलनको माध्यमबाट निजीकरणलाई सकारात्मक शक्ति बनाई सार्वजनिक हित र सामाजिक न्याय दुवै सुनिश्चित गर्न सकिन्छ । यसरी मात्रै नेपालमा शिक्षा सेवा मात्र होइन, सबैका लागि अवसर र समानताको माध्यम बन्न सक्छ ।

अन्तत: प्रश्न निजीकरणले शिक्षा कता लैजाँदै छ भन्ने मात्र होइन, हामी शिक्षा कता लैजान चाहन्छौँ भन्ने हो । यदि शिक्षा केवल किनबेचको वस्तु बनिरह्यो भने समाज विभाजित हुनेछ, अवसर सीमित हुनेछ र समानताको सपना अधुरो रहनेछ । तर यदि शिक्षा सार्वजनिक हितको केन्द्रमा राखियो भने निजी र सार्वजनिक दुवै क्षेत्रले सन्तुलित भूमिका खेल्न सक्छन् । आजको समयमा शिक्षामा हुने प्रत्येक निर्णयले भोलिको पुस्ताको भविष्य र समाजको संरचना तय गर्नेछ । शिक्षा केवल नाफाको माध्यम होइन, दीर्घकालीन विकास र सामाजिक न्यायको आधार हो । यसैले नीति निर्माता, शिक्षक र अभिभावक सबैले मिलेर शिक्षा प्रणालीलाई मूल्य र अवसर केन्द्रित बनाउनुपर्ने आवश्यकता छ ।

निजीकरण र सार्वजनिक शिक्षाबीचको सन्तुलन कायम गरी पहुँच, गुणस्तर र न्याय सुनिश्चित गर्नु आजको चुनौती मात्र होइन, भविष्यको उत्तरदायित्व पनि हो । यदि हामीले शिक्षा केवल व्यापारको रुपमा स्वीकार्य बनायौं भने समाजमा असमानता बढ्नेछ, तर यदि शिक्षा सबैका लागि पहुँचयोग्य, गुणस्तरीय र समान अवसर दिने माध्यम बनाइयो भने नेपालमा दिगो विकास र सशक्त नागरिकको सपना पूरा गर्न सकिन्छ । यही कारणले शिक्षा नाफाको खेल होइन, भविष्यको लगानी हो भन्ने सोच अब व्यवहारमा उतार्नै पर्छ ।

*(स्रोत: न्यूज अफ नेपाल)*

# सम्पत्ति व्यवस्थापन कम्पनी: खराब कर्जाबाट निकासको बाटो

✍ राजन कुमार झा

नेपालको अर्थतन्त्र अहिले एउटा अचम्मको विरोधाभासपूर्ण दोसाँधमा छ । बाहिरबाट हेर्दा रेमिट्यान्स र विदेशी मुद्रा सञ्चिति बढेको देख्दा सबै ठिकै छ कि जस्तो लाग्छ, तर भित्र बजारमा पसेर हेर्ने हो भने परिस्थिति अर्कै छ । झन् अर्को अचम्म के छ भने बैंकहरूमा पैसा थुप्रिएर ब्याजदर अहिलेसम्मकै सस्तो हुँदा पनि नयाँ काम सुरु गर्ने जाँगर र उत्साह कतै भेटिँदैन । व्यवसायीमा एक किसिमको अन्योल र डर अझै कायम छ, जसले गर्दा प्रशस्त पूँजी भएर पनि हाम्रो आन्तरिक बजार पूर्णरूपमा मात्र होइन, आंशिक समेत तंग्रिन सकेको छैन ।

हुन त मंसिरको तथ्यांकले भने अर्थतन्त्रको यो शिथिलतामा एउटा सानो तर सकारात्मक हलचलको संकेत चाहिँ गरेको छ । कात्तिकमा १.११ प्रतिशतको न्यून बिन्दुमा खुम्चिएको मुद्रास्फीति मंसिरमा सामान्य बढेर १.६३ प्रतिशत पुग्नुले महँगीको भारभन्दा पनि सुस्ताएको बजारमा उपभोक्ताको माग बिस्तारै जाग्न थालेको यथार्थ पुष्टि गर्दछ । लामो समयदेखि ठप्प निर्माण क्षेत्रमा देखिएको सामान्य सक्रियता र निजी क्षेत्रतर्फको कर्जा विस्तारमा आएको झिनो सुधारले अर्थतन्त्रको चक्र फेरि घुम्न थालेको सकारात्मक सन्देश दिएको छ । यद्यपि, यो सुधार ठूलो आर्थिक फड्को मार्न पर्याप्त त होइन, तर यसले एउटा सुखद सुरुवात संकेतसम्म गरेको छ ।

विडम्बना त के छ भने, वाह्य क्षेत्रमा रेमिट्यान्स आप्रवाह र विदेशी मुद्रा सञ्चिति ऐतिहासिक उचाइमा पुग्दा पनि आन्तरिक अर्थतन्त्रमा पूँजी परिचालन अझै सुस्त छ । उपभोगमा आएको गिरावट, न्यून पूँजीगत खर्च र युवा पलायनले बजार सुस्ताइरहँदा उधारोको बजार अर्को समस्या बन्दै गएको देखिन्छ । उधारोमा सामान बेच्नुपर्ने बजारको बाध्यता, तर उधारो नउठ्ने उच्च जोखिम र त्यसको फितलो कानुनी निरूपणका कारण कयौं साना तथा मझौला व्यवसाय उठीबास नै भएका कयौं उदाहरण छन् । यो व्यावसायिक अन्योलबीच बैंकहरूको वासलातमा थुप्रिएको खराब कर्जाले आगोमा घिउ थप्ने काम गरेको छ ।

सरकारी तथ्यांकलाई मात्र आधार मान्ने हो भने २०७८ मा १.४८ प्रतिशतको वाञ्छित सीमामा रहेको खराब कर्जा अहिले ४.८६ प्रतिशतको जोखिमपूर्ण तहमा पुगेको देखिन्छ । तर, यो सतहमा देखिएको वा नियतवश देखाउन खोजिएको दृश्य मात्रै हो । हालै बंगलादेशी फर्म हावलदार एन्ड युनुस कम्पनीले गरेको १० ठूला वाणिज्य बैंकहरूको विशेष अडिटले यो तथ्यांकको विरोधाभासपूर्ण र डरलाग्दो पाटो उजागर गरि दिएको छ । बैंकहरूले ४.८६ प्रतिशतको वरिपरि दाबी गरिरहेको खराब कर्जा वास्तवमा औसतमा ७.७ प्रतिशत र केही बैंकहरूको हकमा त ११ प्रतिशतसम्म पुगेको उक्त अन्तर्राष्ट्रिय अडिटले फेला पारेको छ । स्मरण रहोस्, खराब कर्जाको यो प्रतिशत त देशका १० ठूला वाणिज्य बैंकहरूको सूक्ष्म अध्ययन गर्दा देखिएको हो । बाँकी अन्य वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीलाई समेत सोही कसीमा राखेर अडिट गर्ने हो भने यो प्रतिशतले कुन उचाइ लेला ? यो आफैंमा एउटा सोचनीय विषय बनेको छ ।

हावलदार एन्ड युनुस कम्पनीले औंल्याएको तथ्यांकीय बहस एकछिन थाती राखेर सरकारी तथ्यांकमात्र आधार मान्ने हो भने पनि स्थिति चुनौतीपूर्ण देखिन्छ । ५० अर्ब रुपैयाँभन्दा बढीको गैरबैंकिङ सम्पत्ति बैंकहरूको वासलातमा थुप्रिनुले बैंकहरूको स्रोत परिचालनमा थप चुनौती थपिदिएको छ । बैंकहरूलाई यो जोखिमबाट मुक्त गर्न र थुनिएको पूँजी चलायमान बनाउन अब सम्पत्ति व्यवस्थापन कम्पनी (ब्याड बैंक) स्थापना एउटा प्राविधिक छनोटमात्र नभई उपयुक्त र प्रभावकारी कदम हुन सक्छ ।

नेपालमा सम्पत्ति व्यवस्थापन कम्पनीबारे चर्चा सुरु भएको २० वर्षभन्दा बढी भइसक्यो (आर्थिक वर्ष २०५८/५९ देखि) । तर, सधैं सैद्धान्तिक बहसमै अल्झिएको यो विषय अहिले आएर बल्ल कार्यान्वयन दिशामा मोडिएको देखिन्छ । नेपाल राष्ट्र बैंकको मौद्रिक नीति, आर्थिक सुझाव आयोगको सिफारिस र सरकारको बजेटमा समेत प्राथमिकतामा पर्नुले अब ब्याड बैंक साँच्चै बन्ने आशा पलाएको छ । लामो प्रतीक्षापछि बन्न लागेको यो संयन्त्रले थलिएको वित्तीय बजारलाई कसरी ब्युँझाउला त ? धेरैका मनमा एउटै प्रश्न छ- यो ब्याड बैंकले आखिर कसरी काम गर्छ र यसले हाम्रो अर्थतन्त्रको यो गतिरोध कसरी फुकाउँछ ? यसबारे थप चर्चा गरौं ।

### सम्पत्ति व्यवस्थापन कम्पनीको कार्यशैली र यसको ऐतिहासिक पृष्ठभूमि

सम्पत्ति व्यवस्थापन कम्पनी मूलत: बैंकहरूको निष्क्रिय कर्जा र लिलाम हुन नसकेका धितोलाई व्यावसायिक रूपमा राफसाफ गरिदिने एउटा संस्था हो । यसले बैंकको वासलातमा रहेको वित्तीय दायित्वलाई दुई प्रमुख पक्षबाट सम्बोधन गर्छ । पहिलो, यसले बैंकको खराब कर्जा खरिद गरी आफ्नो स्वामित्वमा लिन्छ र ऋणीसँग असुलीको नयाँ पहल गर्ने वा ऋणको पुनर्संरचना गरी पूँजीलाई पुन: चलायमान बनाउने कार्य गर्दछ । दोस्रो, ऋण चुक्ता हुन नसकी बैंकले सकारेका तर तत्काल बिक्री हुन नसकेका गैरबैंकिङ सम्पत्ति यसले ग्रहण गर्छ ।

संसारको अनुभव हेर्दा बैंकिङ संकटपछि सम्पत्ति व्यवस्थापन अवधारणा व्यवस्थित रूपमा सन् १९९० दशकमा विकसित भएको देखिन्छ । विशेषगरी १९९७ को एसियाली वित्तीय संकटपछि कोरिया, मलेसिया र थाइल्यान्डमा एएमसी मोडेल व्यापक प्रयोग गरियो भने २००८ को विश्वव्यापी आर्थिक मन्दीपछि अमेरिका र युरोपेली देशले पनि यस्तै संरचना अपनाएर बैंकिङ प्रणालीलाई ठूलो संकटबाट जोगाउने प्रयास गरे । अहिले नेपाल पनि त्यस्तै अप्ठ्यारो मोडमा छ, जहाँ एकातिर बैंकको पैसा धितोमा फसेर डेड एसेट बनेको छ भने अर्कातिर सुस्ताएको बजारका कारण ती धितो लिलाम हुन सकेका छैनन् ।

यस्तो अवस्थामा एएमसीको ढाँचा कस्तो हुने भन्ने प्रश्न निकै महत्त्वपूर्ण छ । विश्वभरि यसका दुई स्वरूप प्रयोगमा छन् । एउटै बलियो निकायले सबैको काम गर्ने केन्द्रीकृत मोडेल र बैंकहरू आ-आफ्नै तवरले सक्रिय हुने विकेन्द्रीकृत मोडेल । नेपालका हकमा भने एउटै शक्तिशाली र स्रोतसाधन सम्पन्न केन्द्रीकृत मोडेल नै बढी न्यायसंगत देखिन्छ । हाम्रोजस्तो सानो बजार र सीमित प्राविधिक विज्ञता भएको मुलुकमा छरिनुभन्दा एउटै केन्द्रीय निकायले देशभरिका बैंकहरूको खराब कर्जा एकीकृत रूपमा व्यवस्थापन गर्दा कार्यसम्पादनमा स्पष्टता र एकरूपता आउँछ । यसले गर्दा बैंकहरू असुलीको तनाव र प्रशासनिक झमेलाबाट पूर्णरूपमा मुक्त भई आफ्नो ध्यान पुन: बैंकिङ व्यवसाय र नयाँ लगानी खोजीमा केन्द्रित गर्न पाउँछन् ।

### भारत र दक्षिण एसियाली अनुभव

सम्पत्ति व्यवस्थापन कम्पनीको अवधारणा अगाडि बढाउँदै गर्दा नेपालले दक्षिण एसियाली विशेषगरी भारतको अनुभवबाट महत्त्वपूर्ण पाठ सिक्न सक्छ । भारतमा एसेट रिकन्स्ट्रक्सन कम्पनी (एआरसी) सन् २००२ मा 'सेक्युरिटाइजेसन एन्ड रिकन्स्ट्रक्सन अफ फाइनान्सियल एसेट्स एन्ड इन्फोर्समेन्ट अफ सेक्युरिटी इन्ट्रेस्ट एक्ट २००२' लागु भएपछि सुरु भयो । हाल २८ भन्दा बढी एआरसी सञ्चालनमा रहे पनि यी कम्पनी साना र मझौला खराब कर्जामा मात्र प्रभावकारी देखिए, ठूला र जटिल कर्जामा भने सीमित रहे । यही समस्या समाधान गर्न २०२१ मा भारत सरकारले नेसनल एसेट रिकन्स्ट्रक्सन कम्पनी लिमिटेड (एनएआरसीएल) र इन्डिया डेब्ट रिजोलुसन कम्पनी लिमिटेड (आईडीआरसीएल) स्थापना गर्‍यो, जसलाई ब्याड बैंक संरचनाको संयुक्त स्वरूप मानिन्छ । एनएआरसीएलले मुख्यत: ५ अर्बभन्दा माथिका ठूला निष्क्रिय कर्जा (स्ट्रेस्ड एसेट्स) बैंकहरूबाट खरिद गर्छ । यसमा सार्वजनिक क्षेत्रका बैंकहरूको ५१ प्रतिशत लगानी छ र कर्जा खरिद गर्दा १५ प्रतिशत नगद तथा ८५ प्रतिशत सेक्युरिटी रिसिप्ट्समा भुक्तानी गरिन्छ, जसमा भारत सरकारले करिब ३० खर्ब ६ अर्बको ग्यारेन्टी दिएको छ ।

अर्कातर्फ, आईडीआरसीएलको मुख्य भूमिका खरिद गरिएका ती सम्पत्ति व्यवस्थापन, पुनर्संरचना, लगानीकर्ता खोज्ने र अन्तिम असुली गर्ने हो । भारतीय अनुभवले के देखाउँछ भने ठूला र प्रणालीगत खराब कर्जाको प्रभावकारी व्यवस्थापनका लागि सरकारको बलियो समर्थन, कानुनी स्पष्टता र समयसीमामा आधारित समाधान संयन्त्र अनिवार्य हुन्छ । नेपालमा पनि सम्पत्ति व्यवस्थापन कम्पनी तथा खराब कर्जा समाधानको खाका कोर्दा यी पाठ अत्यन्तै सान्दर्भिक देखिन्छन् ।

### नियमनकारी ढाँचा र पूँजी आधारशीला

नेपालमा सम्पत्ति व्यवस्थापन कम्पनीको सफल सञ्चालनका लागि नेपाल राष्ट्र बैंकको कठोर नियमन र बलियो कानुनी आधार पहिलो सर्त हो । मौद्रिक स्थायित्व, वित्तीय सुदृढीकरण र उपभोक्ता हित केन्द्रमा राखेर राष्ट्र बैंकले यसको कार्यक्षेत्र स्पष्ट पार्नुपर्छ । भारतमा एआरसीहरूलाई भारतीय रिजर्भ बैंकले नियमन गरे झैं नेपालमा पनि एउटा छुट्टै 'सम्पत्ति व्यवस्थापन ऐन' मार्फत यसलाई वैधानिकता दिनु अपरिहार्य हुने देखिन्छ । यस ऐनको सबैभन्दा महत्त्वपूर्ण पक्ष सेक्युरिटी रिसिप्टको कानुनी मान्यता हुनेछ । यो एउटा यस्तो वित्तीय उपकरण हो जसले बैंकको खराब कर्जा सकार्दा भविष्यमा सोही सम्पत्तिबाट पैसा उठ्दा भुक्तानी हुने ग्यारेन्टी दिन्छ । बैंकमा थुप्रिएको तर नगदमा परिणत हुन नसकेको मृत सम्पत्ति पुन: चलायमान बनाउन यो रिसिप्ट नै मुख्य आधार बन्न सक्ने देखिन्छ । पूँजीका सन्दर्भमा वाणिज्य बैंकहरूको खराब कर्जा ५ प्रतिशत नाघेको र ५० अर्बभन्दा बढीको सम्पत्ति नबिकेर थुप्रिएको वर्तमान संकटमा एएमसीका लागि २ देखि ५ अर्बको प्रारम्भिक चुक्ता पूँजी आवश्यक देखिन्छ ।

*(साभार: अनलाइनखबर)*

### टी-२० विश्वकप २०२६ :

# इटलीसँग १३ वर्षपछि फरक फर्म्याटमा खेल्दै नेपाल



मुम्बई/नेपाली क्रिकेट टोलीका कप्तान रोहित पौडेलले आईसीसी टी-२० विश्वकप २०२६ अन्तर्गत इंग्ल्यान्डसँगको खेलपछि आफुहरूले कठिन परिस्थितिमा दबाब कसरी सम्हाल्ने भन्ने कुरा सिकेको बताएका थिए ।

त्यही सिकाइका साथ अझ परिपक्क हुँदै नेपालले अभ्याससहित ३ दिनको आरामपछि समूह चरणको आफ्नो दोस्रो खेलमा बिहीबार इटलीसँग खेल्दैछ । पहिलोपटक विश्वकप खेलिरहेको इटली आफ्नो पहिलो खेलमा स्कटल्यान्डसँग पराजित भएको थियो ।

नेपाल पनि आफ्नो पहिलो खेलमा इंग्ल्यान्डसँग पराजित भएको थियो । त्यसकारण नेपाल र इटली दुवै पहिलो जितको खोजीमा हुनेछन् । यो खेलमा विजयी हुने टोलीले सुपर ८ सम्भावना कायमै राख्नेछ भने पराजित हुने टोलीलाई सुपर ८ को सम्भावना कठिन बन्नेछ ।

अर्को एउटा रोचक कुरा के छ भने इटलीसँग क्रिकेटमा नेपालको १३ वर्षपछि फेरि भेट हुँदैछ । सन् २०१३ को आईसीसी डिभिजन ३ मा नेपालले इटलीसँग खेलेको थियो । तर त्यो ५० ओभरको खेल थियो ।

बिहीबार हुने खेल यी दुई टोलीबीचको पहिलो टी-२०आई भिडन्त हुनेछ । १३ वर्षपछि इटलीसँग खेल्दा नेपाल १२ वर्षपछि जितको खोजीमा पनि हुनेछ । नेपालले सन् २०१४ मा अफगानिस्तान विरुद्धको खेल जितेपछि विश्वकपको खेल जितेको छैन ।

इंग्ल्यान्डसँग जितको नजिक पुगेर पराजित भएपछि नेपाली टोलीले विश्वभरबाट प्रशंसा पाइरहेको छ । प्रशंसाका बीच एक्सपोजर भने पर्याप्त नपाइरहेको अवस्थामा नेपाली टोलीले जुन टिमसँग खेल्दा पनि दबाब सम्हाल्ने कुरामा भने ध्यान दिनुपर्ने अवस्था बनिरहेको छ ।

कप्तान रोहित पौडेलले आगामी खेलका लागि मनोबल उच्च भएको बताएका छन् । 'हामीले विश्वकपको उत्कृष्ट टोलीमध्ये एकसँग खेलिसकेका छौं, त्यसले इटाली विरुद्धको खेलका लागि मनोबल बढाएको छ' उनले भने ।

आईसीसी टी-२० आई वरियतामा २७औं स्थानमा रहेको भएपनि इटलीविरुद्ध खेल्दा नेपाली टोली सजग हुनेछ । किनभने इटली उदाउँदो क्रिकेटिङ राष्ट्र मात्र नभएर अनुभवी खेलाडीहरूले भरिएको टिम समेत हो । अस्ट्रेलियादेखि दक्षिण अफ्रिकासम्म खेलेका खेलाडी इटलीमा छन् ।

कप्तान रोहित पौडेलले इटलीलाई हल्का रूपमा नलिने बताइसकेका छन् । 'विश्वकप खेल्ने हरेक टिम राम्रो नै हुन्छ । पछिल्लो समय इटलीले पनि राम्रो प्रदर्शन गरिरहेको छ । त्यसकारण हल्का रूपमा लिने छैनौं' रोहितले बुधबार आयोजित प्रि-म्याच प्रेस कन्फेरेन्समा भनेका थिए ।

हुन पनि हो, इटलीले विश्वकपको सुरुवाती खेलमा स्कटल्यान्डसँग हार बेहोरेको भएपनि विश्वकपमा आउनुअघि टेस्ट राष्ट्र आयरल्यान्डसहित एसोसियटका उत्कृष्ट नामिबिया र क्यानडालाई पनि हराएको थियो । यसबाट इटलीले विश्वकपमा कुनै ठुलो टिमलाई 'अपसेट' नगराउला भन्न सकिँदैन ।

इटलीले युरोपियन छनोट पार गरेर पहिलोपटक टी-२० विश्वकपमा स्थान बनाएको थियो । विश्वकपजस्तो स्टेजमा खेल्दा केही दबाब हुने भएकाले पनि इटली पहिलो खेलमा स्कटल्यान्डसँग पराजित भयो । दोस्रो खेलमा अझ मजबुत बनेर आउनेछ ।

इटलीलाई पहिलो खेलमै एक झट्का भने लागिसकेको छ । अनुभवी खेलाडी एवम् कप्तान वायन म्यानड्सेन काँधको चोटका कारण पहिलो खेलको केही ओभरमै बाहिरिएका थिए । त्यसकारण उनी दोस्रो खेलमा नखेल्ने भइसकेका छन् । इटलीका प्रशिक्षक जोन डेभिसनले नेपाली दर्शकसामु वाङ्खेडे रंगशालामा खेल्न उत्साहित रहेको बताएका छन् । 'ठूलो भीडको सामना गर्नु हाम्रो लागि नयाँ होइन । यस्तो वातावरण विरलै पाइन्छ, त्यसैले खेलाडीलाई रमाएर खेल्न भनेका छौं' प्रशिक्षक डेभिसनले भनेका छन्, 'खाली रंगशालाभन्दा ३५ हजार नेपाली समर्थकमाझ खेल्नु अझ राम्रो अनुभव हो।'

डेभिसनले टी-२० क्रिकेटमा कुनै पनि टोलीले एक-दुई उत्कृष्ट प्रदर्शनबाट खेल जित्न सक्ने भएकाले नेपालविरुद्ध आत्मविश्वासका साथ मैदान उत्रिने बताए ।

**हेड टु हेड**

इटली पहिलोपटक विश्वकप खेल्न लागेको टोली हो । युरोपियन छनोट पार गरेर टी-२० विश्वकपमा खेल्न लागेको इटली आईसीसी टी-२०आई वरियतामा २७औं स्थानमा छ । पछिल्लो समय इटली क्रिकेटमा उदाउँदो राष्ट्रका रूपमा देखिएको छ ।

नेपालले इटलीसँग हालसम्म टी-२०आईमा खेलेको छैन । सन् २०१३ मा आईसीसी डिभिजन ३ अन्तर्गत इटलीसँग नेपालले फरक फर्म्याटमा खेलेको थियो ।

५० ओभरको उक्त प्रतियोगितामा नेपालले इटलीलाई हराएको थियो । १३ वर्षपछि फरक फर्म्याटमा खेल्दा पनि नेपाल जितको खोजीमा हुनेछ । इटलीलाई पराजित गरे नेपालले टी-२० विश्वकपमा १२ वर्षपछि जित हासिल गर्नेछ । विश्वकपअघि आयरल्यान्डसँग टी-२०आई शृंखला खेलेको इटलीले शृंखला गुमाएपनि एक खेल जितेको थियो ।

**टिम कम्बिनेसन र सम्भावित ११**

नेपालले पहिलो खेलमा दुई पेस बलर र दुई स्पीनर खेलाउँदै एक्स्ट्रा ब्याटर खेलाएको थियो । सोमपाल कामी बेन्चमा रहँदा शेर मल्ल र सन्दीप लामिछाने अनि करण केसी र नन्दन यादवले खेलेका थिए ।

नेपालले पहिलो खेलकै टोलीलाई निरन्तरता दिने सम्भावना देखिएको छ । नेपालले वाङ्खेडे मैदानमै खेल्ने भएकाले पहिलो खेलकै कम्बिनेशनबाट दोस्रो खेल जित्ने लक्ष्यमा नेपाल हुनेछ ।

इटलीको टोलीमा दाँयाहाते ब्याटरकै बाहुल्यता भएकाले नेपालले एक पेसर वा स्पीनर हटाएर ललित राजवंशीलाई मौका दिन सक्छ । अन्यथा परिवर्तनको धेरै सम्भावना भने देखिँदैन ।

नेपालका लागि पछिल्लो समय दीपेन्द्रसिंह ऐरी चौथो नम्बरमा ब्याटिङमा आएका छन् । यसले नेपालको मिडल अर्डर बलियो बनेको देखिएको छ ।

अर्कोतर्फ इटलीका लागि एक परिवर्तन बाध्यकारी देखिएको छ । कप्तान वायन म्याड्सेन घाइते भएकाले उनले यो खेल खेल्ने छैनन् । उनको स्थानमा साइद नक्भी आउन सक्छन् । अन्य खेलाडी इटलीले पनि परिवर्तन गर्ने सम्भावना कम छ ।

**नेपालको सम्भावित ११ :** कुशल भुर्तेल, आसिफ शेख, रोहित पौडेल, दीपेन्द्रसिंह ऐरी, आरिफ शेख, गुल्शन झा, लोकेश बम, करण केसी, नन्दन यादव, शेर मल्ल/ललित राजवंशी, सन्दीप लामिछाने

**इटलीको सम्भावित ११ :** जस्टिन मोस्का, एन्थनी मोस्का, ग्रान्ट स्टेवार्ट, बेन मानेन्ती, हृयारी मानेन्ती, सइद नक्भी, जेजे स्मट्स, क्रिशन कलुगमागे, जीपी मियडे, थोमस ड्राका, अली हसन

**प्रभाव पार्न सक्ने खेलाडी**

नेपालका लागि ओपनिङ ब्याटर कुशल भुर्तेलमाथि नजर रहनेछ । उनले पहिलो खेलमा जोफ्रा आर्चरजस्ता बलरलाई समेत अट्याक गर्दै फियरलेस ब्याटिङ गरेर नेपाललाई राम्रो सुरुवात दिलाएका थिए । पावरप्लेमा उनको ब्याटिङबाट नेपालको पूरा इनिङकै आधार तय हुन सक्छ ।

यस्तै दीपेन्द्रसिंह ऐरीबाट पहिलो खेलको जस्तै अलराउन्ड प्रदर्शनको अपेक्षा रहनेछ । बलिङमा सन्दीप लामिछाने र नन्दन यादव प्लेयर्स टु वाचका रूपमा हुनेछन् ।

इटलीका लागि जेजे स्मट्स मुख्य खेलाडीका रूपमा रहनेछन् । दक्षिण अफ्रिकाबाट खेलेको अनुभव रहेका स्मट्सले इटलीका लागि म्याच विनिङ अलराउन्ड प्रदर्शन गर्न सक्छन् । यस्तै दाजुभाइहरू जस्टिन मोस्का र एन्थनी मोस्का तथा बेन मानेन्ती र हृयारी मानेन्ती पनि 'प्लेयर्स टु वाच'का रूपमा हुनेछन् ।

खेल : नेपाल भर्सेस इटली, समूह 'सी'
मिति र समय : २९ माघ, बिहीबार, दिउँसो ३:१५ बजे
स्थान : वाङ्खेडे स्टेडियम, मुम्बई
मौसम : सफा, बेलुका डिउ आउने सम्भावना कम

*(स्रोत: अनलाइनखबर)*

# शिक्षामा दलितको पहुँचबारे नीति तथा बजेटमाथि अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ बागमती प्रदेश सरकारको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा दलित समुदायको शिक्षामा पहुँचसम्बन्धी विषयमा सरोकारवालासँग समिक्षा तथा अन्तरक्रिया भएको छ । बुधबार दलित महिला संघ (फेडो) को आयोजनामा कार्यक्रम भएको हो ।

संघकी उपाध्यक्ष सुनिता दर्नालको सभाअध्यक्षतामा सम्पन्न कार्यक्रममा शिक्षा विकास निर्देशनालयका महानिर्देशक गोपाल प्रसाद कँडेल प्रमुख अतिथिकारुपमा सहभागी थिए । कार्यक्रममा प्रमुखअतिथि कँडेलले दलित समुदायको शिक्षामा पहुँच विस्तारमा पहिलेको तुलनामा सुधार हुँदै गएको बताए । उनले विगतमा दलित भएकै कारण हेपिनुपर्ने अवस्था रहे पनि अहिले त्यस्तो अवस्था कम हुँदै गएको उल्लेख गरे । यद्यपि छात्रवृत्ति कार्यक्रम पर्याप्त नभएको स्वीकार गर्दै यसलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको उनको भनाइ थियो । केही कमजोरी भए पनि समग्रमा शिक्षाक्षेत्रमा सकारात्मक परिवर्तन भइरहेको उनले बताए ।

कार्यक्रममा प्रदेश बालअधिकार समितिका सदस्य प्रकाश खतिवडाले प्रस्तुतीकरण दिएका थिए । उनले विपन्न दलित सशक्तीकरण कार्यविधि २०८०, बागमती प्रदेश शिक्षा नीति २०८०, नीति कार्यान्वयन तथा मूल्यांकनका संस्थागत तथा कानुनी व्यवस्था, शैक्षिक छात्रवृत्ति निर्देशिका २०७८ लगायतका विषयमा प्रकाश पारे । साथै शिक्षामा देखिएका समस्या, दलितवर्ग लक्षित नीति तथा कार्यक्रमको आवश्यकता, वर्तमान नीति तथा कार्यक्रमको अवस्था, सरोकारवालाको भूमिका तथा दलित समुदायको समावेश बिना समग्र विकास असम्भव रहेको बताए ।

संघकी कोषाध्यक्ष गोमा सुनारले दलित महिला संघ (फेडो) २०५१ साल श्रावण १२ गते (सन् १९९४ जुलाई २८) मा स्थापना भएको नेपालकै पहिलो राष्ट्रियस्तरको गैरसरकारी संस्था रहेको जानकारी दिइन् । उनले जातीय भेदभाव, छुवाछुत, लैङ्गिक तथा वर्गीय विभेदको तेहोरो शोषणमा परेका दलित महिलाको न्याय, समानता र मानवअधिकारका लागि संघ विगत ३० वर्षदेखि निरन्तर क्रियाशील रहेको बताइन् । संघले दलित महिलालाई संगठित, सचेत र सशक्त बनाउँदै विकासको मूलप्रवाहमा समावेश गराउन विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको उनले उल्लेख गरिन् ।

लैङ्गिक विभेद, जातीय भेदभाव, सामाजिक न्याय, समानता र मर्यादित जीवनको पक्षमा संघले सशक्त वकालत गर्दै आएको बताइन् । हाल संघको संरचना ७७ वटै जिल्लामा विस्तार भइसकेको छ । कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोग बागमती प्रदेशअधिकृत जयशोर चापागाईं, गैरसरकारी संस्था महासंघ मकवानपुरका जिल्ला अध्यक्ष रमिला सापकोटा, सुनौलो शिक्षा नेपालका अध्यक्ष आशिष दुलाल, सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक, दलित अभियन्तालगायतको उपस्थिति रहेको थियो ।

# कैलाशमा राप्रपा उम्मेदवार थोकरको चुनावी अभियान



साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ मकवानपुर क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्य पदका लागि राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट प्रत्यक्ष उम्मेदवार बनेका रामबहादुर थोकरले चुनावी अभियानलाई गाउँगाउँसम्म विस्तार गर्ने क्रमलाई तीव्रता दिएका छन् ।

यसैक्रममा कैलाश गाउँपालिकाभित्र वडास्तरीय प्रचार प्रसार समिति गठनदेखि संयुक्त निर्वाचन सम्पर्क कार्यालय स्थापनाका काम भएका छन् । थोकरको यस कार्यले जिल्लाको क्षेत्र नम्बर २ मा राप्रपाको चुनावी गतिविधिलाई थप सक्रिय बनाएको छ । कैलाश गाउँपालिका-१० मा बुधबार बाँझोखेतमा आयोजित भेलामार्फत वडास्तरिय प्रचारप्रसार समिति गठन गरिएको हो । भेलामा उम्मेदवार थोकर स्वयं प्रमुख अतिथिका रुपमा उपस्थित थिए । बिनबहादुर सिन्तानको अध्यक्षतामा भएको अगुवा भेलाले औपचारिकरुपमा समिति गठन गरेको हो ।

भेलामा सहभागी स्थानीय अगुवा, कार्यकर्ता तथा समर्थकले आगामी निर्वाचनमा राप्रपाको पक्षमा जनमत निर्माण गर्न संगठितरुपमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका थिए । ११ सदस्यीय प्रचारप्रसार समितिको संयोजकमा बिन बहादुर सिन्तान चयन भएका छन् भने सहसंयोजकको जिम्मेवारी विमल तितुङले पाएका छन् ।

सचिवको रुपमा रामलाल गोले रहेका छन् । यस्तै, सदस्यमा डोल्मा वाइबा, इशान थोकर, राम लामा, युनिक थोकर, हीरा स्याङतान, पार्वती लामा, अमृता लामा र लक्ष्मी थोकर छन् ।

पार्टीका जिल्ला सदस्य तथा अनुगमन संयोजक रामु रिजाल र क्षेत्र नम्बर १ का सचिव संगीन श्रेष्ठको आतिथ्यतामा भएको भएको भेलाले वडास्तरीय प्रचारप्रसार समिति गठन गरेको हो । समिति गठनसँगै कैलाशको १० नम्बर वडामा चुनावी प्रचारलाई व्यवस्थित र प्रभावकारी बनाउने लक्ष्य लिइएको छ ।

उम्मेदवार थोकरको चुनावी रणनीति अनुसार संगठन सुदृढीकरण र मतदातासँगको प्रत्यक्ष सम्पर्कलाई सँगसँगै अघि बढाइएको छ । यसै सन्दर्भमा कैलाश गाउँपालिका वडा नम्बर ३, ४, ७, ८ र ९ लाई लक्षित गर्दै संयुक्त निर्वाचन सम्पर्क कार्यालय स्थापना गरिएको छ ।

यो कार्यालयबाट प्रचार प्रसार सामग्री वितरण, मतदातासँग समन्वय, कार्यक्रम तालिका व्यवस्थापन तथा कार्यकर्ताबीच नियमित सम्पर्क कायम राख्न सहज हुने अपेक्षा गरिएको छ । गाउँपालिकाभित्रका विभिन्न वडालाई समेटेर स्थापना गरिएको सम्पर्क कार्यालयले चुनावी गतिविधिलाई केन्द्रित र प्रभावकारी बनाउने विश्वास गरिएको छ । आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै उम्मेदवार थोकर मंगलबार जन्मस्थान कैलाशस्थित मन्याङकोट पुगेका थिए । उम्मेदवारी दर्तापछि पहिलोपटक गाउँ फर्किएका उनले स्थानीय मतदातासँग प्रत्यक्ष संवाद गरे । कार्यक्रममा उपस्थित स्थानीयले उनलाई भव्य स्वागत गरेका थिए ।

# सडक दुर्घटनामा दैनिक औसत ७ को जान्छ ज्यान, बेपरवाह सरोकारवाला, यात्रु निरीह

काठमाडौं/मंगलबार काठमाडौंबाट ओखलढुंगातर्फ जाँदै गरेको बा. प्र. ००१-०५ ख ९९७५ नम्बरको अरनिको यातायात प्रालिद्धारा सञ्चालित सार्वजनिक बस दुर्घटनामा पऱ्यो । मन्थली नगर पालिका-६ बेनिघाट पुल नजिबाट तामाकोशी नदीमा खसेको बस दुर्घटनामा १२ यात्रुले अकालमा ज्यान गुमाउनुपऱ्यो । यो दुर्घटना लगत्तै अघि २३ माघमा बैतडीको पुर्चौडी नगरपालिकामा सुदूरपश्चिम प्रदेश ०२-००१ ख ११११९ नम्बरको बस दुर्घटनामा पऱ्यो । त्यस दुर्घटनामा १३ जनाको मृत्यु भयो । दुवै दुर्घटनामा ठूलो संख्यामा यात्रु घाइते छन् ।

सार्वजनिक यातायातका दुई भयानक दुर्घटनापछि पनि राज्यले दुर्घटना न्यूनीकरणमा आफू गम्भीर रहेको सन्देश अहिलेसम्म प्रवाह गर्न सकेको छैन । नियामक निकायले यसैगरी आँखा चिम्लिँदा चिम्लिँदा आज यति भयानक अवस्था सिर्जना भएको छ कि अहिले दैनिक औसत ७ यात्रुले सडक दुर्घटनामै ज्यान गुमाइरहेका छन् । यो संख्या घट्दै छैन, बरु बढिरहेको छ ।

नेपाल प्रहरीका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामै १ हजार २ सय ८० जनाको ज्यान गइसकेको छ । गत आर्व २०८१/८२ एक वर्षमा २ हजार ५ सय २ जनाले ज्यान गुमाएका थिए । पछिल्लो ७ वर्षमा १७ हजार ६ सय ७० यात्रुले सडक दुर्घटनामा ज्यान गुमाएका छन् । तथ्यांक अनुसार दैनिक औसत ७ यात्रुको ज्यान सडक दुर्घटनामा जान्छ ।

**सडक दुर्घटनामा कुन आवमा कति यात्रुको मृत्यु**

२०७५/७६ : २७८९
२०७६/७७ : २२५१
२०७७/७८ : २५००
२०७८/७९ : २८८३
२०७९/८० : २३७६
२०८०/८१ : २३६९
२०८१/८२ : २५०२
२०८२/८३ (६ महिना) : १२८०

यातायात व्यवस्था विभागका पूर्वमहानिर्देशक रूपनारायण भट्टराई सडक दुर्घटनामा अहिलेको डरलाग्दो अवस्था रहनुमा दुई पाटो महत्त्वपूर्ण हुने बताउँछन् । एक, सडक सुरक्षामा सरोकारवाला गम्भीर छैनन् । अर्थात्, सडक पूर्वाधार र सवारीसाधनको स्वास्थ्य र यसको परिचालन प्रणालीभित्र थुप्रै समस्या छन् । त्यसको मिहिन नियमनमा नियमनकारी निकाय चुकिरहेका छन् ।

दोस्रो, दुर्घटनापछिको रेस्पोन्स, थप दुर्घटना न्यूनीकरणको विषय सरकारको प्राथमिकतामा छैन । त्यसकारण स्थानीय स्रोतसाधनले भ्याएसम्म सुरक्षा निकाय, स्थानीय तह र स्थानीयवासिन्दाले दुर्घटना स्थलमा काम गरिरहेका छन् । त्योभन्दा माथि उठेर दुर्घटनापछि मानिसको ज्यान जोगाउन युद्धस्तरमा जुन तत्परता हुनुपर्ने थियो, त्यसो हुन सकेको छैन ।

यो विषय स्वयं यातायात व्यवसायीले समेत उठाएका छन् । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका कार्यवाहक महासचिव पुरुषोत्तम सिम्खडा सडक दुर्घटना न्यूनीकरणका लागि नेपाल सरकारका सम्बन्धित निकायले सडकको अवस्था, यात्रु चापसमेत प्रत्यक्ष नियमन गर्नुपर्ने बताउँछन् । साथै, भवितव्यवस हुने सडक दुर्घटनामा तत्काल हेलिकप्टरबाट उद्धार गरी आमयात्रुको जिउधनको सुरक्षाको व्यवस्था मिलाउनुपर्ने समेत उनको भनाइ छ ।

गृह मन्त्रालयका प्रवक्ता तथा सहसचिव आनन्द काफ्लेका अनुसार हालै भएका दुई सडक दुर्घटनापछि गृह मन्त्रालयले गम्भीर भएर छलफल अगाडि बढाएको छ । तर, सडक सञ्जालको सुरक्षित सञ्चालनमा धेरै पक्ष सहभागी हुने र सबै गम्भीर नभएसम्म दुर्घटना न्यूनीकरणमा जोखिम कायमै रहने उनी बताउँछन् । यसमा पूर्वाधार, यातायात सञ्चालक, स्थानीय प्रशासन, स्थानीय निकाय र यात्रुसम्म सजग हुनुपर्ने उनको भनाइ छ । सोही दृष्टिकोणबाट गृहले सरोकारवालासँग छलफल गरिरहेको उनी बताउँछन् ।

उता, प्रहरीका आफ्नै गुनासा छन् । एक वरिष्ठ प्रहरी अधिकारीका अनुसार दुर्घटना नहुन्जेल सबै पक्षले लापरबाही गर्ने र दुर्घटना भइसकेपछि प्रहरीलाई दोष दिएर अरू निकाय पन्छिने अवस्था छ । कतिपय जिल्लामा जोखिमपूर्ण सडकमा प्रहरीले सवारीसाधन रोक्दा स्थानीयले विरोध गरेको स्मरण गर्दै उनी सडक सुरक्षाका लागि सर्वपक्षीय लापरबाही रोकिनुपर्ने बताउँछन् ।

जोखिमपूर्ण सडक पूर्वाधार एकातर्फ दुर्घटनाको कारण बनिरहेको छ भने अर्कातर्फ सवारी चालकको लापरबाहीले धेरै दुर्घटना निम्त्याइरहेको छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ स्वयंले यसलाई स्वीकार गर्दै आफ्ना सदस्य संघ, समिति, कम्पनी र प्रालिहरूलाई सिट क्षमताभन्दा बढी यात्रु बोकेर यात्रा नगराउन सचेत गराएको छ । यात्रुको टिकट काट्दा अनिवार्य पहिचान खुलेको प्रमाण र नाम, सम्पर्क नम्बर उल्लेख गरी दैनिक रेकर्ड अध्यावधिक गर्न समेत महासंघले सचेत गराएको छ । त्यस्तै हिमाल, पहाड र तराईका ग्रामीण भेगमा यातायात सञ्चालन गर्दा कसैको प्रलोभनमा नपरी सुरक्षित सञ्चालनका लागि पनि महासंघले आग्रह गरेको छ ।

**दुर्घटनापिच्छे हुँदैन अध्ययन, भएको अध्ययन प्रतिवेदन मन्त्रालयका दराजमा**

हवाईजहाज दुर्घटनामा परेको अवस्थामा मात्र होइन, धावनमार्गमा दौडिँदै गरेको जहाज आपतकालीन रोकेर पार्किङ बेमा फर्काउनु परेको अवस्थामा पनि नेपाल नागरिक उड्डयन प्राधिकरणले अध्ययन गर्छ र त्यसको रेकर्ड राख्ने गर्छ । तर, सडक यातायातमा दर्जनौं यात्रुको ज्यान एउटै दुर्घटनामा जाँदा समेत सूक्ष्म अध्ययनको परिपाटी छैन । भएका अध्ययन प्रतिवेदन समेत बन्छन् र मन्त्रालयका दराजमा थन्किन्छन् ।

महासंघका कार्यवाहक महासचिव सिम्खडाका अनुसार २८ असार २०८१ मा सिमलतालमा भएको बस दुर्घटनापछि सरकारले गठन गरेको दुर्घटना अध्ययन प्रतिवेदन कार्यान्वयनमा जोड दिन्छन् । उक्त प्रतिवेदन कार्यान्वयन नहुँदा दिन प्रतिदिन दुर्घटनाको जोखिम बढिरहेको उनको भनाइ छ ।

**सिमलताल दुर्घटना अध्ययन प्रतिवेदनको सिफारिस के थियो ?**

सरकारले गठन गरेको समितिले बुझाएको प्रतिवेदनमा सडक सुरक्षाका लागि सम्बन्धित निकायबीच आवश्यक समन्वय तथा नियमन गरी सुरक्षा प्रवर्द्धन गर्न नेतृत्वदायी संस्थाका रूपमा सडक सुरक्षा परिषद् स्थापनाको सिफारिस गरिएको थियो । त्यस्तै सुरक्षित सडक संरचना र सवारीसाधन सम्बन्धी प्रावधान लागु गर्न, सडक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्न, जोखिममा रहने सडक प्रयोगकर्ताको सुरक्षा बढाउन, सडक दुर्घटनामा पीडितको उद्धार, उपचार र क्षतिपूर्ति व्यवस्थित गराउन सडक सुरक्षा ऐन ल्याउन समेत प्रतिवेदनले सिफारिस गरेको छ । *(स्रोत: अनलाइनखबर)*

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# निर्वाचनमा बालबालिकाको प्रयोग नगर्न नागरिकसमाजको अपिल

साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ आसन्न निर्वाचनको सन्दर्भमा बालअधिकारको क्षेत्रमा क्रियाशील विभिन्न संघसंस्थाले निर्वाचन प्रचार प्रसारका क्रममा बालबालिकाको प्रयोग नगर्न राजनीतिक दल तथा उम्मेदवारलाई अपिल गरेका छन् ।

नेपालको संविधान २०७२, बालबालिकासम्बन्धी ऐन २०७५, बालअधिकारसम्बन्धी महासन्धि १९८९, राष्ट्रिय बालबालिका नीति २०८० तथा दिगो विकास लक्ष्यलगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार बालबालिकाको हक, हित र अधिकार संरक्षणमा राज्य प्रतिबद्ध रहेको स्मरण गराउँदै उनीहरुले निर्वाचन गतिविधिमा बालबालिकाको प्रयोग/दुरुपयोग भइरहेकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् ।



बालमैत्री स्थानीय शासन, स्थानीय तह, प्रदेश र संघले बालबालिकाका लागि निश्चित प्रतिशत बजेट अनिवार्य विनियोजनको व्यवस्था, विद्यालयलाई शान्तिक्षेत्र, पोषण कार्यक्रम, बालबालिकाको मानसिक स्वास्थ्य, सबै विद्यालयमा एक कम्प्यूटर शिक्षकको दरबन्दीको व्यवस्था, अर्थपूर्ण बालसहभागिता, न्यायमा पहुँच र बालमैत्री न्यायप्रणाली, अपाङ्गता भएका बालबालिका र समावेशिता, बालबालिका र वातावरण, साइबर अपराधबाट बालबालिकालाई संरक्षण, बालहेल्पलाइन सेवा (१०९८), बालबालिका खोजतलास समन्वय सेवा (१०४) लाई स्रोतसाधन सम्पन्न बनाई विस्तार गर्ने, बालसुधार गृहको उचित व्यवस्थापन लगायतका विषय ज्ञापनपत्रमा समावेश गरिएको छ ।

नागरिक समाजका प्रतिनिधिले नेकपा (केन्द्रीय सदस्य) प्रल्हाद लामिछाने, रास्वपा जिल्ला सल्लाहकार विष्णु दाहाल, राप्रपा मकवानपुर अध्यक्ष शिवराम थापा, नेकपा एमाले जिल्ला उपाध्यक्ष हिदम लामा, नेपाली कांग्रेस जिल्ला प्रवक्ता अर्जुन चौलागाईं तथा जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीलाई ज्ञापनपत्र बुझाएका हुन् । ज्ञापनपत्र बुझ्दै राजनीतिक दलका प्रतिनिधिले बालअधिकार संरक्षणका लागि सचेत रहने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रजिअ अधिकारीले सरकारले गर्नुपर्ने काम नागरिक समाजले अघि सारेको भन्दै धन्यवाद व्यक्त गरे ।

सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा बालबालिकालाई आमसभा, जुलुस तथा प्रचारप्रसार कार्यक्रममा सहभागी गराइएको घटना सार्वजनिक भइरहेको उल्लेख गर्दै विज्ञप्तिमा यस्तो कार्य बालबालिकासम्बन्धी कानून र निर्वाचन आचारसंहिता २०८२ विपरीत रहेको स्पष्ट पारिएको छ । निर्वाचन आचारसंहिता २०८२ को परिच्छेद २ को दफा ४ (ग) र (छ) तथा परिच्छेद ४ को दफा १३ (ट) ले शैक्षिक संस्था प्रयोग गरी प्रचार प्रसार गर्न तथा बालबालिकालाई निर्वाचन प्रचार, आमसभा र जुलुसमा प्रयोग गर्न निषेध गरेको छ ।

नागरिक समाजका प्रतिनिधिले राजनीतिक दललाई निर्वाचन घोषणापत्रमा बालबालिका सम्बन्धी सवाललाई प्राथमिकतामा राख्न पनि आग्रह गरेका छन् । उनीहरुले बालअधिकारका चार आधारभूत सिद्धान्त (गैरविभेद, सर्वोत्तम हित, दीर्घजीवन तथा विकास र बालसहभागिताको सम्मान) कार्यान्वयनका लागि आवश्यक ऐन, नीति तथा बजेट व्यवस्था गर्नुपर्ने बताएका छन् । सबै तहका सरकारले बालबालिकाका लागि निश्चित बजेट विनियोजन, बालमैत्री स्थानीय शासन, गुणस्तरीय तथा नि:शुल्क शिक्षा, पोषण कार्यक्रम विस्तार, मानसिक स्वास्थ्यसेवा, बालमैत्री न्याय प्रणाली, अपाङ्गता भएका बालबालिकाका लागि समावेशी सेवा तथा डिजिटल सुरक्षा लगायत विषय घोषणापत्रमा समावेश गर्न माग गरिएको छ ।

विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्न, बाल हेल्पलाइन १०९८ र बालबालिका खोजतलास समन्वय सेवा १०४ लाई स्रोतसाधन सम्पन्न बनाउन तथा बालसंरक्षण प्रणाली सुदृढीकरणका लागि राष्ट्रिय बालअधिकार आयोग गठन गर्नुपर्ने अपिलमा उल्लेख गरिएको छ । नागरिकसमाजले निर्वाचन प्रक्रिया स्वच्छ, बालमैत्री र कानूनसम्मत बनाउन सबै पक्षलाई जिम्मेवार बन्न आग्रह गरेको छ ।

अपिलमा गैसस महासंघ नेपाल बागमती प्रदेश अध्यक्ष कमलकुमार विश्वकर्मा गैसस महासंघ मकवानपुर अध्यक्ष रमिला सापकोटा, शिक्षाका लागि राष्ट्रिय अभियान (एनसीई नेपाल) मकवानपुर सदस्य कुमारी वाइबा, बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) बागमती प्रदेश सचिव सम्झना अधिकारी, मानवअधिकार संरक्षण तथा मानव बेचबिखनविरुद्धको सञ्जाल मकवानपुर सहसंयोजक माया तामाङ, बालगृहको सञ्जाल (सिनेट) मकवानपुर अध्यक्ष झबिन्द्र ज्ञवाली, इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि मञ्जु मैनाली, 'बालिका दुलही होइनन्' नेपालका राष्ट्रिय अध्यक्ष प्रकाश खतिवडा, वरिष्ठ पत्रकार प्रताप विष्ट, पत्रकार महासंघ जिल्ला उपाध्यक्ष ध्रुव अधिकारी, प्याप्सन मकवानपुर अध्यक्ष विनोद सुवेदी तथा राष्ट्रिय बालसंरक्षण सञ्जालकी सीता दाहाल लगायतले संयुक्त हस्ताक्षर गरेका छन् ।

प्रदेश र स्थानीय तहमा जाने अनुदान कटौती

# वित्तीय समानीकरण अनुदान तेस्रो किस्ताबाटै कटौती सुरु




साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ लक्ष्यभन्दा कम राजस्व उठेको भन्दै अर्थ मन्त्रालयले स्थानीय र प्रदेशमा जाने वित्तीय समानीकरण अनुदानमा तेस्रो किस्ताबाटै कटौती थालेको छ ।

अर्थ मन्त्रालयको वित्तीय संघीयता समन्वय महाशाखाले महालेखा नियन्त्रकको कार्यालयलाई पत्र लेख्दै चालु आवको ६ महिनासम्म ८१.७५ प्रतिशतमात्र राजस्व उठेको भन्दै सोही अनुपातमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न भनेको हो । यसअनुसार अब तेस्रो किस्ताबापत जाने २५ प्रतिशत हिस्सामध्ये २०.४३ प्रतिशतमात्र रकम स्थानीय र प्रदेशले वित्तीय समानीकरण अनुदान बापत पाउने छन् ।

महालेखा नियन्त्रकको कार्यालयका अनुसार तेस्रो त्रैमासिक अवधिसम्म ७५ प्रतिशत रकम हस्तान्तरण हुनुपर्ने थियो । तर, अर्थको निर्णयपछि अब ७०.४३ प्रतिशतमात्र रकम हस्तान्तरण हुनेछ ।

आर्थिक वर्षको बीच र अन्त्यमा वित्तीय समानीकरण अनुदान कटौती गर्ने अर्थको निर्णयप्रति हरेक वर्ष स्थानीय र प्रदेश सरकारले आपत्ति जनाउने गरेका छन् । यसले वार्षिक कार्यक्रम र बजेट कार्यान्वयन प्रभावित हुने उनीहरुको तर्क छ । प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिएको रकम खर्च नभई निष्क्रिय रहने तर, संघीय सरकारले नगद अभावका कारण सार्वजनिक ऋण लिनुपर्ने विरोधाभासपूर्ण स्थिति छ । संघीय सरकारले चालु आर्थिक वर्ष दोस्रो त्रैमाससम्म प्रदेश र स्थानीय सरकारलाई करिब २ खर्ब अन्तर सरकारी वित्तीय हस्तान्तरण गरिसकेको छ ।

अर्थ मन्त्रालयका अनुसार सरकारले चालु आवको सोही अवधिमा प्रदेशको विनियोजित अनुदानको ३९.१४ प्रतिशत र स्थानीय तहको ४७.६० प्रतिशत अनुदान हस्तान्तरण गरेको हो । अर्थ मन्त्रालयले मंगलबार गरेको चालु आवको बजेटको अर्धवार्षिक समीक्षाअनुसार संघीय सरकारले प्रदेश सरकारलाई ३८ अर्ब १८ करोड ७२ लाख र स्थानीय तहमा १ खर्ब ५२ अर्ब ४६ करोड ४ लाख रुपैयाँ हस्तान्तरण गरिसकेको छ । संघीय सरकारले चालु आर्थिक वर्षको बजेट मार्फत प्रदेश र स्थानीय तहका लागि समानीकरण, ससर्त, समपूरक र विशेष अनुदान कुल ४ खर्ब १७ अर्ब ८२ करोड ५० लाख विनियोजन गरेको छ । यो विनियाजन संघीय बजेटको २१.२७ प्रतिशत हो ।

चालु आव पुससम्म संघीय सरकारले मूल्यअभिवृद्धि कर (भ्याट) र आन्तरिक अन्त:शुल्कबाट संकलित राजस्वमध्ये प्रदेश र स्थानीय तहलाई १५/१५ प्रतिशतका दरले पुस मसान्तसम्म कुल ६९ अर्ब १५ करोड ५० लाख उपलब्ध गराएको मन्त्रालयले जनाएको छ । सातै प्रदेशको कुल २ खर्ब ८७ अर्ब ७० करोड बजेटमध्ये पुससम्म जम्मा १४.१६ प्रतिशतमात्र खर्च भएको छ । बजेट खर्चमध्ये पूँजीगत खर्चको अवस्था अत्यन्त न्यून ९.३३ प्रतिशत मात्रै छ ।

तर, स्थानीय तहका लागि हस्तान्तरण गरिएको कुल रकममध्ये ५६.८२ प्रतिशत खर्च भएको छ । स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा प्रविष्ट बजेटका आधारमा कुल बजेटको २३.९ प्रतिशत खर्च भएको देखिन्छ ।

# आचारसंहिता विपरीतको काम नगर्न जिसस प्रमुख घलानलाई सचेत

साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानलाई निर्वाचन आचारसंहिता अनुगमन समितिले आचारसंहिता उल्लंघन गरेको भन्दै सचेत गराएको छ ।

घलानले निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिताको परिच्छेद २ को दफा ४(क) र परिच्छेद ३ को दफा ५(४) मा उल्लेखित प्राबधान विपरित सरकारीसाधन प्रयोग गरी राजनीतिक दलको उम्मेदवारको पक्षमा प्रचार प्रसार गरेको भन्दै आचारसंहिता विपरितको काम नगर्न सचेत गराएको हो ।

निर्वाचन आचारसंहिता अनुगमन अधिकृत सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीद्वारा हस्ताक्षरित पत्रमा जिल्ला समन्वय समितिको बा २ झ ३१८९ नम्बरको सरकारी सवारीसाधन आचारसंहिता बिपरित प्रयोग भएको देखिएकोले सचेत गराइएको हो । आगामी दिनमा आचारसंहिता उल्लंघन हुने कार्य दोहोरिएमा कानूनअनुसार कारवाही हुने पत्रमा उल्लेख छ ।

# मञ्चद्वारा पुर्जा नपाएको भन्दै उम्मेदवारको ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ मनहरी गाउँपालिका भूमि अधिकार मञ्चले नेकपाका मकवानपुर क्षेत्र नम्बर २ का प्रतिनिधिसभा उम्मेदवार लवशेर बिष्टलाई निकुञ्ज क्षेत्रभित्र पर्ने, भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान नभएको भन्दै ध्यानाकर्षणपत्र बुझाएका छन् ।

पुस्तौंदेखि भोगचलन गर्दै आएको जग्गा निकुञ्ज क्षेत्राधिकार भित्र पर्ने भन्दै अहिलेसम्म नापी नगरेर समस्या खडा गर्दै हालसम्मका सरकारले गरिबमाथि थिचोमिचो गर्दै आएकोले अब बन्ने सरकारले मनहरिवासीको समस्या समाधान गर्न पहल गरुन् भनेर ज्ञापनपत्र बुझाएको मनहरी गाउँपालिका मञ्चका अध्यक्ष सूर्यबहादुर सापकोटाले बताए । मञ्चले बुझाएको भूमिसम्बन्धी ध्यानाकर्षणपत्रलाई आत्मसात गर्दै उम्मेदवार बिष्टले आफूले जितेर गएपछि मनहरीको भूमि सम्बन्धी समस्यालाई पहिलो मुद्दाको रुपमा उठान गर्ने बताए ।

थाहा नगरका निवर्तमान मेयर बिष्टले आफूले काम गरेर सबैको मन जितेको बताए । बिष्टले आफू मेयर हुँदा जनताको काम गरेर आएकोले मत किन्ने, पैसाको बलमा चुनाव जित्ने कुरामा विश्वास नगर्ने बताए ।

मनहरी गाउँपालिकाको ज्यामिरेमा ९ नम्बर वडाकमिटीको आयोजनामा भएको कार्यक्रममा मनहरी गाउँपालिका मञ्चका अध्यक्ष सापकोटा र मञ्चका जिल्ला अध्यक्ष देवकृष्ण थोकरले उम्मेदवार बिष्टलाई ध्यानाकर्षणपत्र बुझाएका हुन् । कार्यक्रम नेकपा मनहरी गाउँपालिका ९ नम्बर वडाध्यक्ष सोलाल गोलेको सभाध्यक्षतामा भएको थियो ।

# द्रुतमार्गमा काम गर्ने मजदुरको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ मकवानपुरको भीमफेदी गाउँपालिका-८ महादेवटार (छोक्रेडाँडा) स्थित निर्माणाधीन काठमाडौँ-तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) को पुल नम्बर १ नजिक दुर्घटना हुँदा एक मजदुर को मृत्यु भएको छ भने एकजना घाइते भएका छन् ।

मंगलबार साँझ करिब ६ बजे पुल निर्माणका लागि खाडल खन्ने काम सकिएपछि टुचेन मेसिनमा बसेर माथि आउँदै गर्दा एक्कासि मेसिनको ब्रेक फेल भई करिब २१ मिटर तल खसेर दुर्घटना भएको इलाका प्रहरी कार्यालय ठिंगनले जनाएको छ । दुर्घटनामा सिन्धुपाल्चोकको पाँचपोखरीथाङपाल गाउँपालिका-५ निवासी २९ वर्षीय अर्जुन थिङको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

त्यस्तै, सोही स्थानमा काम गरिरहेका पाँचपोखरीथाङपाल गाउँपालिका-६ निवासी ३७ वर्षीय जुल्फे तामाङ टुचन मेसिन खस्दा ढाडमा लागेर घाइते भएका थिए । घाइते तामाङको काठमाडौंमा उपचार भैरहेको र अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।

# चेपाङ समुदायबाट पाँच उम्मेदवार

साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ प्रतिनिधिसभा निर्वाचनमा अति सीमान्तकृत चेपाङ समुदायबाट पाँच जनाले उम्मेदवारी दिएका छन् । चितवन, धादिङ, मकवानपुर, गोरखा मुख्य वासस्थान रहेको चेपाङ समुदायबाट विभिन्न पार्टीबाट एकजना प्रत्यक्षतर्फ र चारजना समानुपातिकतर्फ उम्मेदवार भई चुनावी प्रतिस्पर्धामा सहभागी छन् ।

नेपाल चेपाङ संघका केन्द्रीय अध्यक्ष गोविन्दराम चेपाङले लामो समयदेखि पछाडि पारिएको चेपाङ समुदायले पछिल्लो समय अवसर प्राप्त गर्न थालेको बताए । अहिलेको प्रतिनिधिसभाको प्रत्यक्ष निर्वाचनमा मकवानपुर-२ मा सुवराज चेपाङ संयुक्त नागरिक पार्टीबाट उम्मेदवार बनेका छन् । मकवानपुरको राक्सिराङ गाउँपालिका-५ निवासी उनले पछाडि पारिएको समुदायको मात्र नभएर यसक्षेत्रकै विकासका लागि आफ्नो उम्मेदवारी भएको बताए । नेकपा (एमाले) का तर्फबाट सन्तबहादुर चेपाङ चितवनको निर्वाचन क्षेत्र नम्बर २ बाट समानुपातिकतर्फ उम्मेदवार बनेका छन् ।

चितवनको कालिका नगरपालिका शक्तिखोर घरभएका उनी विभिन्न सामाजिक क्षेत्रमा रहेर काम गरेका छन् । विज्ञान विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेका सन्तबहादुरले लामो सयमपछि आफ्नो समुदायले अवसर पाएको बताए । देशविदेशमा अध्ययन भ्रमण गरी सामाजिक रुपान्तरणका क्षेत्रमा काम गरेका उनले विजयी भएपश्चात् सामाजिक विकासको काममा आफूलाई समर्पित गर्ने बताए । नेपाली कम्युनिस्ट पार्टी नेकपाका तर्फबाट मकवानपुर निर्वाचन क्षेत्र नं. २ मा समानुपातिकतर्फका उम्मेदवार मङ्गलसिंह चेपाङ हुन् ।

राजनीतिक तथा सामाजिक कार्यक्रममा चेपाङ समुदायलाई पछाडि पारिँदै आएको थियो । अहिले अवसर आएकाले आफूलाई खुसी लागेको उनको भनाई छ । मकवानपुरको मनहरी गाउँपालिका-३, सिद्दकालीका ३९ वर्षीय मङ्गलसिंह पढ्नमा अब्बल छन् । कक्षा ६ पढ्दापढ्दै तत्कालीन माओवादी पार्टीमा लागेर युद्धमा होमिएका थिए । प्लाटुन कमान्डर सम्म भएर परिवर्तनका निम्ति युद्ध लडेको उनले बताए । शान्तिप्रक्रिया सुरु भएपछि सेना समायोजन गर्ने क्रममा पाँच लाख रुपैयाँ लिएर स्वेच्छिक अवकाश लिएका थिए ।

प्रगतिशील लोकतान्त्रिक पार्टीका तर्फबाट चितवनको निर्वाचन क्षेत्र नं. १ मा समानुपातिक उम्मेदवार विश्वास चेपाङ र निर्वाचन क्षेत्र नं. २ मा समानुपातिकतर्फकै सोमबहादुर चेपाङ उम्मेदवार बनेका छन् । चितवनको राप्ती नगरपालिका-११ स्थित विकट कोराक गाउँका ३३ वर्षीय विश्वासले भोलि संसद्मा पुग्न पाए चेपाङ समुदायको प्रतिनिधित्व गर्ने बताए । आफ्नो समुदायमा व्याप्त परनिर्भता हटाएर आत्मनिर्भर बनाउनेतर्फ लाग्ने उनको भनाइ छ । अहिले पार्टीमा पनि आदिवासी क्षेत्रको नेतृत्व गर्न लागिरहेको बताए ।

उनी अहिले एक गैरसरकारी संस्थामा कार्यरत छन् । उनले भने, 'मैले बेलायतको लिङ्कन विश्व विद्यालयबाट मास्टर्स इन एड्भान्स डेभलपमेन्ट इन सोसोलोजीमा मास्टर्स गरेको छु, काठमाडौं विश्व विद्यालयबाट डेभलपमेन्ट स्टडिजमा एमफिल गर्दै छु ।' २०७८ को जनगणना अनुसार चेपाङ समुदाय नेपालभरिमा ८४ हजार ३६४ रहेको छ । चितवनमा सबैभन्दा धेरै ३५ हजार ६३७ जना रहेका छन् । चेपाङ समुदायको मुख्य बासस्थान चितवन, मकवानपुर, धादिङ र गोरखा रहेका छन् ।





## नयाँ रेष्टुरेन्ट खोल्दै हुनुहुन्छ ?

यो सुनौलो अवसर नछुटाउनुहोस्

चालु अवस्थामा रहेको रेष्टुरेन्टका सम्पूर्ण सामानहरु अत्यन्तै सस्तो मूल्यमा बिक्रीमा उपलब्ध छन् । भान्सा सामग्री, फर्निचर तथा रेस्टुरेन्ट सञ्चालनका लागि आवश्यक सबै सामानहरु एकै ठाउँमा ।

**नयाँ रेस्टुरेन्ट सुरु गर्ने वा अपग्रेड गर्नेहरुका लागि उत्तम मौका।**

**सम्पर्क: ९८५१०२४८६८**

## सामाजिक सुरक्षा भत्ता लाभग्राहीको Biomatric Verification गर्ने सम्बन्धी सूचना !

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च. नं. ९२ को मिति २०८२।०९।१४ गतेको प्राप्त पत्रानुसार समाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरूको आ.ब. ०८२ २०८३ मा Biomatric Verification नभई सामान्य दर्ता प्रकारबाट नविकरण भएकोमा राष्ट्रिय परिचयपत्र नम्बर मार्फत Verify गर्न बाँकी लाभग्राहीहरूको Biomatric Verification वडा कार्यालयमा सम्पर्क राखी यहि २०८२ फाल्गुण १ गते देखि १५ गते भित्र गर्नु हुन अनुरोध छ ।

**आवश्यक कागजात**

१) सामाजिक सुरक्षा भत्ता परिचयपत्र
२) राष्ट्रिय परिचयपत्र नम्बर (NIN)
३) नेपाली नागरिकता प्रमाण पत्र

**पुनश्च :** बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त असहाय वा ९० बर्ष माथिका जेष्ठ नागरिकको हकमा Biomatric Verify अनिवार्य नभएको ।

**हेटौंडा उपमहानगरपालिका**
**९ नं. वडा कार्यालय**
**पशुपतिनगर, हेटौंडा, मकवानपुर**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना